लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

## देशको ढुकुटी भर्ने अर्थमन्त्रीका तीन सारथि



काठमाडौं/ गत माघ २७ गतेको मन्त्रिपरिषद् बैठकले देशको ढुकुटी सम्हाल्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव घनश्याम उपाध्यायलाई अर्थ सचिवमा भित्र्याएको छ।

विवादित अर्थसचिव डा. रामप्रसाद घिमिरेलाई सरुवा गरी राष्ट्रपति कार्यालयमा पठाई दबाब र विभिन्न झण्झटबाट अर्थ मन्त्रालयलाई मुक्त गराइएको बताइएको छ। अर्थ र राजश्वका हाकिमहरु परिवर्तन गरेर राजश्व उठ्छ भन्ने अर्थमन्त्री विष्णुप्रसाद पौडेलको मान्यता पूरा हुन्छ कि हुँदैन त्यो भविष्यले बताउने छ।

बाँकी ७ पृष्ठमा

वर्ष १८, अंक २९, २०८१ फागुन ९ गते शुक्रबार (Feb. 21, 2025) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

# गुटबन्दीको गोलचक्करमा दलहरु

**– नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव गिरिराजमणि पोखरेलले आफ्नो दलभित्रको गुटबन्दीको विषयमा पछिल्लो समय बोलेका छन्। उनले दलभित्रको गुटबन्दीको अन्त्य गर्न सकेको खण्डमा कांग्रेस–एमालेलाई परास्त गर्न सकिने धारणा राखे।**

**– नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले हालै एक कार्यक्रममा कांग्रेसभित्रको एकता कायम राख्न सकेमा २०८४ को निर्वाचनमा बहुमत ल्याउन कुनै समस्या नपर्ने धारणा राखे।**

**– नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले आफ्नो दलमा कुनै गुटबन्दी नरहेको, केही नेताहरुमा आपसी प्रतिस्पर्धा भए पनि सबै मेला लागि बराबरी नै हुन् भन्ने धारणा केही समयअघि सार्वजनिक गरे।**

**– राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरुले तात्कालिन महामन्त्री मुकुल ढकालमाथिको कारबाही फिर्ता लिई कसैले पनि गुटबन्दी नगरेमा रास्वपा अघि बढ्ने नत्र भन्न नसकिने भन्ने खालको अभिव्यक्ति दिए।**

**– नेकपा (एकीकृत समाजवादी) मा गुटबन्दी छैन, त्यसैले कसैले पार्टी फुटाउने कल्पना नगरे हुन्छ भन्ने अभिव्यक्ति अध्यक्ष माधवकुमार नेपालले दिने गरेका छन्।**



कौशल कुमार भट्टराई

माथिका अभिव्यक्ति हेर्दा सबैजसो दलमा गुटबन्दीको कुराले चर्चा पाएको देखिन्छ। सबैले गुटबन्दीलाई 'छैन, होइन' भन्ने गरे पनि ती अभिव्यक्तिले 'छ, हो' भन्ने कुरालाई पुष्टी गर्ने गरेको आम बुझाइ छ।

अब दलगत रुपमा नै हेर्दै जाने हो भने धेरै कुरा छर्लङ्ग हुँदै जानेछ। सबैभन्दा पहिले कांग्रेसबाटै शुरु गरौं। केही हप्ताअघि कांग्रेसका सभापति शेरबहादुर देउवाले कांग्रेसमा गुटबन्दीको रोग नरहने हो भने आगामी चुनाव जित्नलाई कुनै समस्या नरहेको धारणा राखेका थिए। उनले कांग्रेस एक ढिक्का भएको अवस्थामा चुनाव जित्नका लागि अरु कसैसँग तालमेल गर्नुपर्ने आवश्यकता नरहेको धारणा राखे। कांग्रेसका सभापति देउवाको यो धारणा सही भए पनि व्यवहारमा भने उनी चुकेको देखिन्छ। गएको शुक्रबार मात्रै पनि उनको निवासमा देउवालाई यसअघि सहयोग गर्दै आएका भनिएका ११ जना नेताहरु पुगेका थिए। उनीहरुको चाहना आफूहरुमध्ये कसैलाई देउवाले उत्तराधिकारी तोकिदिउन् भन्ने थियो।

यसरी देउवाको निवासमा पुग्नेहरुमा कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, गोपालमान श्रेष्ठ, पूर्णबहादुर खड्का लगायतका थिए। तीबाहेक बी.पी.कोइरालाका पुत्र डा.शशांक कोइरालालाई पनि उक्त भेटमा सामेल गराइएको थियो। भेटमा उनीहरुले आगामी महाधिवेशनमा सभापतिका लागि भनी शेखर कोइराला र गगनकुमार थापाको मात्र चर्चा हुने गरेको बताएका थिए। उनीहरुको चाहना भने देउवाको चाहना के हो भन्ने स्पष्ट हुनु थियो। देउवाले आफूलाई बिगतमा सहयोग गरेकाहरुमध्येबाटै सभापतिका लागि आफूले सहयोग गर्ने मनसाय राखेका थिए।

यसरी देउवाको कुरालाई ख्याल गर्ने हो भने उनी पनि गुटभन्दा माथि उठ्न नसकेको देखिएको छ। उनले गुटलाई ध्यान नदिई कांग्रेसलाई एकढिक्का बनाउने पक्षमा आफूलाई उभ्याउनुपर्नेमा त्यसो नगरेको देखियो। उनको बोली एकातिर त व्यवहार अर्कोतिर देखियो। सभापति भएको नाताले भए पनि उनले आफ्ना सहयोगी भन्नेहरुलाई मात्र महत्व नदिई अरुलाई समेत समेटेर छलफल गरेको भए राम्रो सन्देश जाने थियो।

यस्तै धारणा कांग्रेसका महामन्त्री गगनकुमार थापाले पनि राख्दै आएका हुन्। उनले कांग्रेसको बैठकमै आधिकारिक रुपमा चुनावअघिको गठबन्धनको विरोध गरेका हुन्। यसैगरी कांग्रेसका धेरै मतदाता पनि गठबन्धनको पक्षमा देखिँदैनन्। कांग्रेस एक ढिक्का भएमा अरुको भर पर्नुपर्ने अवस्था नआउनेमा उनीहरुको मत रहने गरेको छ। व्यवहारतः भने कांग्रेसमा विभिन्न गुट उपगुटहरु सक्रिय छन्।

टुटफुटको राजनीतिमा परिरहेको नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले आफ्नो दलमा आफू सर्वेसर्वा

बाँकी ७ पृष्ठमा

## स्वास्थ्य सचिवमा तीन जनाको प्रतिस्पर्धा



काठमाडौं/ नेपाल सरकारका सचिवहरुको अनिवार्य अवकाश हुने क्रममा पर्सी आइतबार (फागुन ११) गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेल पाँच वर्षे कार्यकाल पूरा गरी अवकाश हुँदैछन्। यसअघि गत माघ २९ गते उपराष्ट्रपति कार्यालयमा कार्यरत दिनेश भट्टराई पनि पाँच वर्षे कार्यकाल पूरा गरी सेवा निवृत्त भएका थिए।

स्वास्थ्य सचिव डा. पोखेलको अवकाश भएको भोलिपल्ट अर्थात फागुन १२ गते नक्कली भूटानी शरणार्थी काण्डमा दोषी ठहर भै हाल थुनामा रहेका सचिव टेक नारायण पाण्डेको पनि अवकाश हुने सूचीमा नाम रहेको छ। स्वास्थ्यसचिवसँगै स्वास्थ्य मन्त्रालयमा कार्यरत १२औं तहका अतिरिक्त सचिव दीपेन्द्ररमण सिंहको पनि अवकाश हुने बताइएको छ।

यसैबीच स्वास्थ्य सचिव पोखरेलको अवकाश हुने भएपछि स्वास्थ्य सचिव बन्न तीनजना डाक्टरहरुको शक्तिकेन्द्रमा दौडधूप शुरु भएको समाचार श्रोतले जानकारी दिएको छ। सचिवका दावेदारहरुमा एकैपटक १२औं तहमा बढुवा भएका स्वास्थ्यसेवा विभागका महानिर्देशक डा. विकास देवकोटा, उनीभन्दा अगाडि स्वास्थ्यसेवा विभागमा महानिर्देशक रहेकी डा. संगीता मिश्र र डा. टंक बराकोटी रहेका रहेका छन्।

बाँकी ७ पृष्ठमा

## सडक बोर्डको बजेटमा के.सी.को दादागिरी



काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतको सडक बोर्ड नेपालमा गणेश बहादुर के.सी. कार्यकारी निर्देशक छन्।

सडक बोर्ड नेपालको अध्यक्ष भौतिक पूर्वाधार तथा यातायात सचिव केशव कुमारशर्मा रहेका छन्। सडक विभाग मातहतका सडक डिभिजनहरु र स्थानीय तह अन्तर्गतका सडकहरुलाई मर्मत/सम्भारको लागि सडक बोर्डबाट रकम निकासा हुने गरेको छ। राष्ट्रिय यातायात नीति, २० वर्षे गुरु योजना, १० वर्षे पाइप प्लान, १६ औं राष्ट्रिय योजना जस्ता महत्वपूर्ण कार्यक्रमको सफल कार्यान्वयन तथा उद्देश्यपूर्णका निम्ति खम्बा ठानिएका सडक डिभिजनहरुको मर्मत संभारको लागि सडक बोर्डबाट निर्णय भए पनि बजेट निकासा नहुँदा सडक डिभिजनहरु मारमा परेको समाचार श्रोतले बताएको छ। गत २०८१ माघ ४ गते निर्णय भएको रु. १६ करोड भुक्तानी रोकिँदा सडक डिभिजनका प्रमुखहरु र निर्माण व्यवसायी तनावमा परेको बताइएको छ। सडक बोर्डले विभिन्न बहानामा भुक्तानी रोकिँदिँदा सडक डिभिजन काठमाडौं, भक्तपुर-नुवाकोट, दमौली,

बाँकी ७ पृष्ठमा

## विद्यार्थी प्रकृतिको अन्त्येष्टि मातृभूमिमा

बुटवल/ भारतको ओडिसामा अध्ययनरत भैरहवाकी प्रकृति लम्साललाई उनका हजुरबुवा देवनाथ लम्साललले दागबत्ती दिएका छन् ।शंकास्पद मृत्यु भएकी लम्साल कलिंगा इन्स्टिच्यूट अफ् इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) मा अध्ययनरत थिइन्

भैरहवाको स्वर्गद्वारीघाटमा बुधबार राति उनको अन्तिम बिदाइ गरिएको थियो। भारतबाट गोरखपुरहुँदै राति ९ बजे प्रकृतिको पार्थिव शरिर भैरहवा ल्याइएको थियो। उनका बुवालगायतका अभिभावक अर्को उडानबाट आउन ढिलो भएको कारण शवलाई भैरहवास्थित युनिभर्सल कलेज अफ मेडिकल साईन्सेजमा राखिएको थियो।

करिब ११ बजे प्रकृतिको शव उनको निवास सिद्धार्थनगर-८ मा ल्याई त्यहाँ अन्तिम श्रद्धान्जली दिइएको थियो।

२०६१ साल असार ४ गते भैरहवामा जन्मिएकी लम्सालको यही आइतबार शंकास्पद रुपमा मृत्यु भएको थियो। उनको शव केआईआईटीको छात्रावासमा झुण्डिएको अवस्थामा फेला परेको थियो। यस सम्बन्धमा भारतीय प्रहरीले एकजनालाई हिरासतमा लिई अनुसन्धान गरिरहेको छ।

## काँग्रेस सभापतिमा देउवाको आशीर्वाद कसलाई ?

कृष्ण लम्साल



काठमाडौं/ नेपाली काँग्रेसमा वचनका पक्का, क्षमतावान्, व्यवस्थापकीय र दूरदर्शी नेतामा पर्छन् सभापति शेरबहादुर देउवा। कसैप्रति दम्भ, घमण्ड र इख नराख्ने सभापति देउवा अब काँग्रेसको विधान अनुसार तेस्रोपटक सभापति बन्न पाउने छैनन्।

काँग्रेसको विधान अनुसार १५ औ महाधिवेशन आउन अब लगभग १० महिना मात्र बाँकी छ। २०८२ मंसिरमा काँग्रेसको १५ औं महाधिवेशन हुनुपर्दछ भन्ने मान्यताका साथ नेताहरुले दौडधुप शुरु गरिसकेका छन्। त्यसको लागि आगामी २०८१ चैत्र मसान्त भित्र कृयाशील सदस्यता वितरण गरिसक्नु हुन्छ तर त्यो हुन नसकी रहेको अवस्था छ।

काँग्रेसका महामन्त्री गगन कुमार थापाले १५ औं महाधिवेशन ३-४ महिना ढिलो भएपनि २०८२ सालमै हुने बताइसकेका छन्। कांग्रेस प्रवक्ताले एक वर्ष ढिलो हुने बताएपछि १५ औं महाधिवेशन विशेष परिस्थिति देखाएर २०८३ मा हुने चर्चा चलेको छ। हाल काँग्रेस सभापति बन्नका लागि महामन्त्री थापा, वरिष्ठ नेता शेखर कोइराला र उपसभापति पूर्णबहादुर खड्काले तयारी शुरु गरिसकेका छन्। नेता प्रकाशमान सिंह, विमलेन्द्र निधि र डा. शशांक कोइरालाले पनि भित्रीरुपमा तयारी गरेको काँग्रेसका जानकारहरुले बताएका छन्।

काँग्रेसको विधान अनुसार दुईपटकभन्दा बढी सभापति बन्न नपाइने भएपछि देउवाले पार्टीको बागडोर सम्हाल्ने कुशल एवं क्षमतावान् उत्तराधिकारीको खोजी गरिरहेको काँग्रेस श्रोतले बताएको छ। त्यसका लागि देउवा निकट ठानिएका निधि, खड्का र डा. शशाङ्क कोइरालाले आफूहरुलाई देउवाले उत्तराधिकारी बनाउने आशा एवं विश्वास गरेपनि हालसम्म सभापति देउवाले मुख खोलीसकेका छैनन्। उत्तराधिकारीमा कसलाई छान्लान् भन्नेमा सबैको चासो छ।

यता, हिजो एउटै कित्तामा रहेका वरिष्ठ नेता शेखर कोइराला र महामन्त्री थापा पनि सभापति देउवाको आशीर्वाद र बक्सिस लिनका लागि तँछाड-मछाड गरिरहेको काँग्रेसीहरुले जानकारी दिएका छन्। हाल काँग्रेसमा सभापति देउवाकै पक्षमा पल्लाभारी रहेको अवस्थामा देउवाले जसलाई तथास्तु भन्यो त्यही सभापति बन्न सक्ने अवस्था छ। काँग्रेसको १५औ

बाँकी ७ पृष्ठमा

## नेता सापकोटाको निधन



काभ्रेपलाञ्चोक/ नेकपा (एकीकृत समाजवादी) का पोलिटब्युरो सदस्य विदुर सापकोटाको अन्येष्टि हिजो विहीबार गरिएको छ। उपचारका क्रममा विहीबारै निधन भएका सापकोटा सो दलको बागमती प्रदेश सह-इन्चार्ज पनि थिए।

उनको पार्थीव शरीरलाई श्रद्धाञ्जलिका लागि एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा राखी दिउँसो अन्त्येष्ठिका लागि पशुपतिनाथस्थित आर्यघाट लगिएको

बाँकी ७ पृष्ठमा

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको अनुरोध

- नदीमा फोहोर गर्नु अपराध हो, सचेत बनौं। सबै उपत्यकाबासी, सबै दल।
- बाग्मती सरसफाईमा लगाऔं बल।
- नदीमा फोहोर गर्नु महापाप हो, कतै यो पाप कर्म गर्नु भएको त छैन ?
- सफा राखौं भान्छा, सफा राखौं बाग्मती, सभ्य समाज बनाउने आओस हामीलाई मति।
- नदी जीवन्त रहे मात्र, हाम्रो जीवन सम्भव छ।
- हाम्रो नगर, नदी नाला, हामी उद्यान, स्वच्छ र सफा वातावरण हाम्रो पहिचान।
- नदी प्रणाली प्रदुषण मुक्त गराई संरक्षण र सम्बर्द्धन गरी काठमाडौं उपत्यकाको वातावरणीय स्वच्छता पवित्रता र सुन्दरता कायम गरौं।
- नदी प्रणालीसँग सम्बद्ध एतिहासिक पुरातात्विक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण गरौं।
- हाम्रो सभ्यताको पहिचान एवं जगेर्ना गरौं।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति
गुहेश्वरी, काठमाडौं

# थोत्रा, पुराना गाडीले लिँदै विद्यार्थीको ज्यान

बाटोमा हिँड्दा पुराना, थोत्रा निजी प्लेटका सवारीसाधनले विद्यार्थी बोकिरहेको देखिन्छ। निजी प्लेटमा दर्ता भएका बस, भ्यान, माइक्रो बसमा विद्यार्थी बोक्ने गरिएको छ। अधिकांश विद्यार्थी बोक्ने गाडी ३०-३५ वर्ष कटेका देखिन्छन्। त्यसमाथि सार्वजनिक यातायातमाझैं यी गाडीमा पनि विद्यार्थी दाउराजसरी हालिएको हुन्छ।

कानूनमा कुनै पनि सवारीसाधनमा सिटभन्दा बढी यात्रु बोक्न नपाइने व्यवस्था छ। अझ विद्यार्थी बोक्ने गाडीले त पाउँदै पाउँदैन। नियमनकारी निकायले अनुगमनमा चासो नदिँदा विद्यार्थीको ज्यानै जोखिममा राखेर सिटभन्दा बढी विद्यार्थी बसमा हालेर गुडाइरहेको अवस्था छ। मण्टेश्वरी, निजी विद्यालय तथा कलेजहरुले थोत्रा, पुराना गाडीमार्फत विद्यार्थी ओसारपसार गरिरहेका छन्।

अभिभावकहरु पनि गाडीको अवस्थाबारे केही सोधपुछ गर्दैनन्। उनीहरु भर्ना गर्ने र शुल्क तिर्ने समयमा मात्रै विद्यालय जान्छन्। विद्यालयले आफ्ना छोराछोरीलाई कति वर्ष पुराना गाडीमा यात्रा गराइरहेको छ ? त्यसबारे अभिभावकहरुले खासै चासो दिएको पाइँदैन। सरकारले भाडाका २० वर्षे सवारीसाधन हटाउने निर्णय गरेपनि निजी प्लेटका गाडी २० वर्ष पुगेपछि हटाउने निर्णय गरेको छैन।

त्यसो त अहिले कतिपय यातायात

प्रसङ्गवश



अनुसा थापा

व्यवसायीहरुले १९ वर्ष १० महिना चलेको भाडाका गाडीलाई लगतकट्टा गरेर सोही सवारीलाई निजी प्लेटमा दर्ता गरिरहेका छन्। अनि यही गाडी विद्यालयहरुले विद्यार्थी बोक्न प्रयोग गर्छन्। विद्यालयहरुले यस्तो गाडी प्रयोग गर्नुको कारण पनि अर्कै छ। गाडी निकै पुरानो भएकाले विद्यालयले सम्बन्धित व्यवसायीलाई आधा मात्र रकम दिन्छन्। विद्यार्थीहरुसँग भने दोब्बर-तेब्बरसम्म असुल्ने गरिन्छ।

भनिन्छ, विद्यालय ज्ञानको मन्दिर हो। मन्दिर अर्थात् भगवान्। भगवान्ले हरेकको रक्षा गर्दछ। विडम्बना, विद्यालयहरुको स्वार्थका निम्ति बालबालिकाहरुले आफ्नो ज्यान गुमाइदिनु परिरहेको छ। योभन्दा दुर्भाग्यको कुरा के हुन सक्ला ? विद्यालयहरुले एउटा विद्यार्थीको बस भाडा ठाउँअनुसार मासिक पाँच हजारदेखि पन्ध्र हजार रुपियाँसम्म असुल्ने गरेका छन्। कतिपयले यो भर्ना गर्ने समयमै असुल्छन् अनि बस सेवा निःशुल्क भनी अभिभावकलाई भ्रममा पार्छन्।

कानूनमा निजी प्लेटको सवारीसाधनले यात्रु बोकेर आम्दानी गर्न पाउँदैन। विद्यालयका बसहरुले विद्यार्थी बोकेरै मासिक एक लाखदेखि तीन लाख रुपियाँसम्म आम्दानी गर्ने गरेका छन्। यता, गाडीमा दश लाखदेखि ५० लाख रुपियाँसम्म लगानी गरिएको हुन्छ। युवराज खतिवडा अर्थमन्त्री हुँदा त विद्यार्थी बोक्ने

बाँकी ७ पृष्ठमा

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# निबन्ध : डिजिटल प्रेम




प्रेमको जन्म कहिले भयो ? कसैलाई थाहा छैन । मलाई लाग्छ, प्रेम संसारकै सुन्दर भावनामध्येको एक हो । प्रेम पवित्र हृदयले अरूलाई सम्मान गर्ने, बुझ्ने र हेरचाह गर्ने भाव हो । प्रेम जीवनको हर्ष हो, स्वप्निल संसार हो । यसले भावना र सम्बन्ध साटेर दुई किनारलाई भँगालो नजिक ल्याउँछ ।

अनेकौं स्वरूपमा प्रकट हुने प्रेम आनन्द, प्रेरणा र समर्थनको स्रोत हो । आनन्द र मनोरञ्जनात्मक प्रेम दुई व्यक्तिबीचको गहिरो आकर्षण र स्नेहमा केन्द्रित हुन्छ । यसबाट जीवनसाथीसँग नजिकको सम्बन्ध निर्माण हुन्छ । पारिवारिक प्रेमले परिवारका सदस्यसँगको सम्बन्ध विस्तार गर्छ । यसले सुरक्षा, समर्थन र जीवनयापनको निश्चिन्तता प्रदान गर्छ । मित्रहरूको बीचमा बाँडफाँट हुने प्रेम मित्रता हो । साँचो मित्रता पारस्पारिक विश्वास, समर्थन र सम्मानमा आधारित हुन्छ । आफ्नै आत्मसम्मान र आत्मस्वीकृतिसँग सम्बन्धित प्रेमचाहिँ आत्मप्रेम हो । स्वास्थ्योन्नति, खुशी र आत्मविकासका लागि मानिसलाई आत्मप्रेम चाहिन्छ । यो खुशीको कारक हो ।

प्रेम भौतिक र आत्मिक विषय हो । यसले मानसिक र शारीरिक स्वास्थ्यलाई सुदृढ बनाई जीवनयात्रामा गति दिन्छ । एकापसमा भेटेर गरिने प्रेमले दिने आनन्द र दूरवर्ती प्रेमको रस फरक हुन्छ । प्रेमको गहिराइ काव्यको रचना, चलचित्रको पर्दा र बगैंचाको सौन्दर्यमा मात्र प्रकट हुँदैन । यो मानिसका मुस्कान र रोदनभित्र घुलेर मानव हृदयको सहानुभूति र परानुभूतिमा अन्तर्घुलन हुन्छ ।

वर्तमान विश्वमा सूचना प्रविधिले प्रेमको परिभाषालाई बदलिदिएको छ । अहिलेका प्रेमी र प्रेमिकाले प्रेमिल वार्तालाप गर्न कुनै गुप्त स्थलको खोजी गर्नुपर्दैन । झरना, नदी किनार वा एकान्त खोज्नु पर्दैन । प्रेमका लागि सबै समय निःशुल्क छ । सूचनाप्रविधि कृत्रिम बौद्धिकताको उपयोगसम्म पुगेको छ । यसले मानिसका लागि डिजिटल प्रेमको उपहार दिएको छ । डिजिटल प्रेम आधुनिक युगको उत्कृष्ट प्रेम कथा बनेको छ ।

सामाजिक सञ्जाल, म्यासेजिङ याप्स र अनलाइन डेटिङ साइटहरूले डिजिटल प्रेमलाई सहज बनाइदिएका छन् । भौतिक रूपमा संसारको जुनसुकै कुनामा भए पनि यी माध्यमले मानिसका आफ्नै कोठाको मोनिटरमा डिजिटल प्रेम भित्र्याइदिएको छ । एउटा रूखका हाँगा र पातको सम्बन्ध जरासँग भएझैँ डिजिटल प्रेमले विश्वभरिका मानिसलाई एउटै सञ्जालमा जोडिदिन सक्छ । यसको प्रयोग गरेर मानिसले नयाँ सम्बन्ध शुरु गर्न र शुरु भएको सम्बन्धलाई दीर्घकालसम्म जोगाइराख्न सक्छ । भौतिक उपस्थिति नहुनाले विश्वासको कमी भए पनि अहिले धेरै मानिस डिजिटल प्रेममा रमाएका छन् । यसले सम्बन्ध सिर्जना, विश्वास विकास र सम्बन्धको नवीकरण गरिरहेको छ । यसले अनेकौं विकल्पसहित विश्वभरका मानिससँग असल सम्बन्ध विकास गर्ने मौका दिएको छ । मौकाको सदुपयोग गर्नेहरू प्रेमका पुजारी बनेका छन् ।

डिजिटल प्रेमको प्रारम्भिक शुरुआत अनलाइन डेटिङ साइट, याप्स, सामाजिक सञ्जाल, च्याट फोरम वा गेमिङ प्लेटफर्ममार्फत हुन सक्छ । यो भौतिक बगैंचा वा कुनै गुप्त स्थल जस्तै हो । यहाँ मानिसहरू एकअर्कासँग चिनाजान गर्न सक्छन् । यो साथी बनाउने उत्तम अवसर हो । संसारभरका असल मित्रसँग विचार साटासाट गर्ने अवसर हो । मनमा कलुषित भावना राख्नेहरूका लागि चाहिँ यो ठगी र बेइमानीको बीज हो । असल प्रेमी प्रेमिकाले यही ठाउँमा विषालु बिउ चिन्न सक्नुपर्छ । विष वृक्ष चिन्न नसके यसले सुन्दर बगैंचाका सबै वृक्षलाई एकैसाथ सखाप पार्न सक्छ । सुन्दर चित्र र मीठा शब्दमा फसेर कैयौंको जीवन असुन्दर बनेको पनि दृष्टान्त छ । मानिस चिनेर प्रेम गर्नु यसको लक्ष्य हो ।

डिजिटल प्लेटफर्मअन्तर्गतका टेक्स्ट म्यासेज, भिडियो कल, इमोजी, गिफ र सोसल मिडिया पोस्टको माध्यमबाट प्रेमी प्रेमिका एकअर्कासँग जोडिएका हुन्छन् । यो डिजिटल प्रेमको दोस्रो चरण हो । यस चरणमा पारदर्शिता र विश्वासको आवश्यकता हुन्छ । सम्बन्धलाई बलियो बनाउन नियमित सञ्चार, इमानदारी र सहयोग आवश्यक हुन्छ । मानिसले मानिस, अरू प्राणी, वनस्पति वा अमूर्त वस्तुसँग प्रेम गर्न सक्छ । पशु र बिरुवाले पनि प्रेम गर्छन् तर मानिसले तिनको प्रेम नबुझ्न सक्छ । प्रेमको अर्थ बिहे गर्ने तयारी मात्र होइन । प्रेम हुनासाथ पतिपत्नीको कल्पना गर्नु अल्लारे प्रेम मात्र हो । यो वर्षे झारभन्दा बढी हुँदैन, हलक्क बढ्छ अनि चाँडै ओइलाएर मर्छ । प्रेम गर्ने प्रेमीप्रेमिका, पतिपत्नीको अर्को रूप पनि होइन । हामी प्रेम गर्ने भिन्न लिङ्गीलाई पतिपत्नीको प्रारम्भिक रूप मान्छौं तर यो सही होइन । विवाहित र अविवाहित वा विवाहित र विवाहितले पनि प्रेम गर्न सक्छन् । प्रेमले वैवाहिक जीवन र घरबार बिगार्नु हुन्न तर प्रेम सम्बन्धमा विरह र पीडाको साटासाट हुन सक्छ । खुशी र योजनाको साटासाट हुन सक्छ । अझ घरमा एक्लै बस्नुपर्ने र सहाराविहीनका लागि डिजिटल प्रेम आनन्द र सन्तुष्टिको माध्यम पनि हुन सक्छ । सन्तान टाढिएका ज्येष्ठ नागरिकका लागि नजिकको सहारा पाउने आधार पनि हुन सक्छ । कण्ठमा पीडा लुकाएर मर्म भोगेका दीनदुःखीका लागि आँशुको भेल उराल्ने र डाँको छाड्ने माध्यम पनि हुन सक्छ । डिजिटल संसारमा पसेर राम्रो चिनजान नभई आफ्ना वैयक्तिक कुरा साटासाट गर्दा चाहिँ आफ्नै कारणले आफैँ फन्दामा पर्न सकिन्छ । डिजिटल संसारभित्रको अपरिपक्वता गलाको पासो बन्न सक्छ ।

दृष्टि, श्रवण, बोलीजस्ता भावमा भौतिक दूरीले ठूलो असर नपारे पनि स्पर्श चेतानाका दृष्टिले डिजिटल प्रेमले भौतिक दूरीको सामना गर्नुपर्छ । सधैँ भौतिक भेट नहुँदा मन व्याकुल हुन सक्छ । डिजिटल माध्यमले नियमित भेटघाटको योजना बनाउन सकिन्छ । अनलाइन गतिविधिमा सहभागी हुने भई निश्छल भूमिका निर्वाह गरेर पनि

साहित्यपोस्ट

आफूलाई सक्रिय राख्न सकिन्छ । यस्ता मानिस डिजिटल प्रेममा रमाउन सक्छन् । डिजिटल प्रेमीले फेक प्रोफाइल, डाटा गोपनीयता र व्यक्ति पहिचानको समस्यामा भने सचेत हुनपर्छ । यी समस्याको सामना गर्न सतर्कता र सुरक्षित सञ्चारका उपाय अपनाउनुपर्छ । यो सतर्कता अपनाउनेहरू प्रेम सम्बन्धमा सफल हुन्छन् । यिनले अनलाइन प्रेमप्रति सकारात्मक दृष्टिकोण विकास गरी सबैलाई प्रेरित गर्छन् ।

मानसिक र शारीरिक स्वास्थ्यमा प्रतिकूल असर डिजिटल प्रेमका दुष्परिणाम हुन् । डिजिटल प्रेममा अनलाइन च्याट वा सामाजिक मिडियामा बिताउने समयले एकअर्कामा वास्तविक विश्वासको अभाव हुनसक्छ । एकले अर्कासँग झुट बोलेर अर्काको गोप्य खोल्ने सम्भावना पनि त्यति नै रहन्छ । सामाजिक एकान्तका कारणले वास्तविक जीवनमा सामाजिक सम्पर्क घट्न सक्छ । सामाजिक गतिविधि र मित्रसँगको समय घट्दा एकान्त र आत्मग्लानि हुन पनि सक्छ । अनलाइन च्याट वा भिडियो कलमा व्यस्त हुँदा व्यक्तिगत जीवन, काम र अध्ययनमा ध्यान कम हुनसक्छ । यसले काम र क्षमताको प्रदर्शन कमजोर बनाउँछ ।

अनलाइनमा हुने डिजिटल प्रेम वास्तविकताभन्दा फरक हुन्छ । मानिसले रूपाकृति, बोली र वैयक्तिक विवरण छलेर आफूलाई प्रस्तुत गर्न सक्छन् । यसबाट एकअर्कामा गलत धारणा र आशङ्का पैदा भई प्रेमको वास्तविकता र अपेक्षाबीच दूरी बढी असहमति पैदा हुन सक्छ । अनलाइन प्लेटफर्ममा व्यक्तिगत जानकारी र संवेदनशील पहिचानको चोरी हुन वा दुरुपयोग हुन सक्छ । यसले सुरक्षा र गोपनीयताको अन्त्य गरी व्यक्तिको वैयक्तिक र सामाजिक मर्यादामा समस्या सिर्जना गर्न सक्छ । लामो समयसम्म डिजिटल माध्यममा संलग्न हुँदा शारीरिक थकान, दृष्टिभ्रम, मानसिक तनाव र निद्रामा गडबडी आउन सक्छ । वास्तविक जीवनमा व्यक्तिगत भेटघाटको कमीले जीवनको मनोरञ्जन पक्ष पनि अपूर्ण हुन्छ ।

भावना, विचार र इच्छाको साटासाट, खुला संवाद र इमानदारी, विश्वासको निर्माण र नियमित सञ्चार सम्बन्धलाई गहिरो र स्थिर बनाउने असल पक्ष हुन् । समयको अत्यधिक प्रयोग वा अनावश्यक छलफलबाट टाढा रहनु पनि डिजिटल प्रेम सफल पार्ने उत्तम उपाय हो । असमझदारी वा विवादको सामना गर्नु तथा धैर्य र सकारात्मक सोच राख्नु समस्या समाधानको परिपक्व सोच हो । यथार्थ प्रेम वा डिजिटल प्रेम दुवैमा परिपक्वता, समर्पण र धैर्य मुख्य तत्त्व हुन् । प्रेममा धैर्य, इमान र विश्वास हुनुपर्छ । विश्वासले डिजिटल प्रेमको संसारलाई लोभलाग्दो बनाउँछ । म साँचो र लोभलाग्दो प्रेम रुचाउँछु ।

*(साहित्यपोष्ट डटकमबाट)*

## प्रेम दिवस

एनी हुमागाईं



न तिमीसँग साँचो थियो
न तिमीले ढोकाको घण्टी बजायौ
न त जुत्ताको आवाज आयो
एकैचोटि घरभित्र तिमी आयौ

फेरि त्यत्रो अपराध गरेर पनि
नडराई मसँग आँखा जुधायौ, अनि
अनगिन्ती बेथा बोकेका ती आँखा
नबोली नै बुझेँ मैले, मनका तिम्रा सबै भाका

तिम्रा अपराधको लेखाजोखा राख्दै थिएँ
तिम्रा ती ढुकढुकीले बीचमै हिसाब सबै भुलाइदिए
अनि पो थाहा पाएँ,
तिमी त मेरो मनभित्रै आइसक्यौ

मेरो जीवनलाई सार्थक पनि तिमी आएर बनाएछौ ।

उत्तर

जीवन सरल हुँदो हो
सबै प्रश्नका उत्तर भैदिए
तर बाँच्न मजा त कौतुहलतामै रहेछ

तिम्रो माया कति छ होला है ?
नजानेकै उचित रहेछ

प्रेम जोख्ने यन्त्र नबनेकै बेस भएछ
हार्न मलाई पटक्कै मन छैन
अनि तिम्रो माया कम पनि स्वीकार्य छैन
त्यसैले त भन्छु,
सबै प्रश्नको उत्तर नभएकै सही रहेछ ।

JANASHAKTI
By HR Capital Nepal




FOREVER YOUNG
Rising Mall, Ground Floor, Shop No. G-9
Durbar Marg, Kathmandu
9845473779
www.foreveryoung.com.np
www.facebook.com/4everyoungstore
foreveryoung.store


कौशल कुमार भट्टराई

कृष्ण लम्साल

पिएमणि भट्टराई

हरि शरण जमकटेल

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

प्रधान-सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## सम्पादकीय

### खेलकुद प्रतियोगितामा अन्यौल किन ?

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता फेरि पनि समयमै नहुने अवस्था आएको छ। चैत २३ गतेदेखि हुने भनी पूर्व निर्धारित प्रतियोगिताका लागि अर्थ मन्त्रालयबाट आवश्यक बजेट नटुक्रिँदा यस्तो अवस्था आएको हो। यो प्रतियोगिता कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा आयोजना हुने भनिएको छ। प्रतियोगिताका लागि संघीय सरकारले विनियोजन गरेको ६० करोड रुपियाँ बजेट अर्थ मन्त्रालयले हालसम्म शीर्षकगतरूपमा नछुट्याएका कारण प्रतियोगिता तोकिएको समयमा हुनेमा शंकाको अवस्था आएको हो। यसअघि निर्धारित तालिकाअनुसार प्रतियोगिता गत मंसिर २ देखि ९ गतेसम्म हुनुपर्ने थियो। उक्त समयमा हुन नसक्दा आगामी चैत २३ देखि हुने भनी नयाँ मिति घोषणा भए पनि त्यो मितिमा पनि नहुने अवस्था देखिएको हो। युवा तथा खेलकुद मन्त्रालयले मंसिर २१ गते नै शीर्षकगत रूपमा बजेट छुट्याउन अर्थ मन्त्रालयमा पत्र पठाएको पनि बजेट नटुक्रिँदा तोकिएको समयमै खेलकुद प्रतियोगिता नहुने देखिएको भनी खेलप्रेमीहरुको दुखेसो आइरहेको छ।

मन्त्रालयले बजेटबारे स्पष्ट नगर्दा खेलकुदका आवश्यक सामग्रीहरु खरिद गर्न समस्या भएको छ। त्यसो त खरिद प्रक्रिया पूरा गर्न कम्तिमा ८० दिन लाग्ने कानूनी व्यवस्था रहेका कारण पनि तोकिएको उक्त मितिमा प्रतियोगिता गर्न सम्भव नरहेको अवस्था आएको हो।संघीय सरकारले प्रतियोगिता आयोजना गर्न चालु आर्थिक वर्ष २०८१/०८२ मा ६० करोड रूपियाँ एकमुष्ट बजेट विनियोजन गरेको भने छ। उक्त बजेट हालसम्म पनि शीर्षकगत रूपमा विनियोजन नभएका कारण समस्या आएको हो। परिषदको मंसिर २१ गते बसेको ११८औं बैठकले बजेटलाई शीर्षकगत रूपमा टुक्रा गरी पठाइदिन युवा तथा खेलकुद मन्त्रालयलाई पठाउने निर्णय गरेको थियो। राखेपले शीर्षकगत बजेट आएको खण्डमा ऐनअनुसार अघि बढ्नुपर्ने हुन्छ। त्यस्तो अवस्थामा खरिद प्रक्रियाका कारण समयमै प्रतियोगिता गराउन असंभव हुने देखिएको छ।

सुर्खेतमा रंगशाला निर्माण भइसकेको छ। प्रतियोगिताका लागि सदस्य सचिव नै चाहिन्छ भन्ने छैन। खेलकुद विधेयकसमेत संशोधन गरी समयमै प्रतियोगिता गराउने तयारीमा सरकार लागेको भने दाबी गर्ने गरिएको छ।अर्थ मन्त्रालयले फाइल अड्काएका कारण प्रतियोगिता अन्योलमा परेको भनी खेलकुदमन्त्री तेजुलाल चौधरीले सार्वजनिक रुपमै भनिसकेका छन्। यस्तो अवस्थामा सरकार छोटो प्रक्रियाबाट भए पनि काम गर्न पाइने व्यवस्था मिलाई तोकिएको समयमै खेलकुद प्रतियोगिता गराउनु उचित हुन्छ। तोकिएका समयमा कामहरु भएका खण्डमा मात्र देश सही दिशामा जान सक्ने हुन्छ। यसैगरी खेलाडीहरुमा पनि तोकिएको समयमा प्रतियोगिताहरु भएका खण्डमा तयारी पूरा गर्न सहज हुने हुन्छ। कतिपय खेलाडीहरु विदेशका क्लबहरुमा पनि सामेल हुने गरेका छन्। यस्तो अवस्थामा उनीहरुले विदेशमा हुने प्रतियोगितामा समेत सहभागिता जनाउन असहज अवस्था आउने गर्दछ। त्यसैले सरकारले यस्ता कार्यहरुलाई आफ्नो दायित्वको रुपमा लिएर तोकिएका समयमै सबै कार्यहरु गर्ने कार्यमा आफूलाई लगाउन सकेका खण्डमा मात्र सही कार्य हुने देखिन्छ।

# वित्तीय संस्था तनावमा, आश्वासन बन्द कोठामा

**अहिले घरजग्गा, गाडी र शेयर लगानी गरेका व्यक्ति होस् या बैंक, वित्तीय संस्था नराम्ररी डुबेका छन्। जसको असर मुलुकको अर्थतन्त्रमा समेत परिरहेको छ। राजश्व उठ्न ठप्प भइरहादा जनप्रतिनिधि र कर्मचारीहरुले भने अझै पनि राज्यलाई लुट्न छाडेका छैनन्। देशको अर्थतन्त्र दिनप्रति दिन नाजुक अवस्थामा पुगिरहादा अहिले पनि आफन्त, साथीहरुलाई करारमा जागिर लगाइदिनबाट पछि हटेका छैनन्। सरकारी कार्यालयहरुमा स्थायी कर्मचारी छन्। त्यो पनि आवश्यकता बढी। अहिले त्यही स्थायी कर्मचारीलाई समेत तलब खुवाउन राज्यलाई सास्ती भएको छ।**


रुषा थापा

बाटोमा हिड्डुल गर्दा अधिकांश ठाउँमा देखिन्छ, 'घरजग्गा बिक्रीमा', 'जग्गा बिक्रीमा'। खाली जग्गामा बोर्ड गाँडिएर माथि सम्पर्क नम्बरसहित 'जग्गा बिक्रीमा' भनी लेखिएको हुन्छ। त्यस्तै, घरको झयाल, ढोका, भित्ता वा गेटमा 'घरजग्गा बिक्रीमा' भनी लेखेर टाँसिएको पाइन्छ। अहिले यो जताततै देखिन्छ। काठमाडौं उपत्यकाभित्र होस् या बाहिरी जिल्लामा।

यता, सवारीसाधन मर्मत केन्द्र वर्कशपसहित नयाँ तथा पुराना गाडी बेचबिखन गर्ने अटो शोरुमलगायत गाडी बिक्री गर्ने कम्पनीहरुमा पनि अचेल बाहिर सिसामा 'गाडी बिक्रीमा' भनेर लेखिएको देखिन्छ। कतिपय कम्पनीले त सार्वजनिक स्थलका भित्ताहरुमा कम्पनीको नाम, नम्बरसहित 'गाडी बिक्रीमा' भनी लेखेर टाँसेको पनि पाइन्छ।

पछिल्लो समय घरजग्गा र गाडीमा मन्दी रहेको सबैलाई थाहै छ। यस्तोसम्मको परिस्थिति आइसकेको भनेर मानिसले कल्पनासमेत नगरेको हुनसक्छ। घरजग्गा, गाडीको मूल्य लगातार घटिरहेको अवस्था छ। किनबेच ठप्प भइसक्यो। चिया पसलदेखि बस, सार्वजनिक स्थानहरुमा घरजग्गा, गाडी र शेयरकै चर्चा छ। जताततै घरजग्गा, गाडी बेच्न चाहने भेटिन्छन्।

किन्ने शून्यझैं छन्। घरजग्गा, गाडीको मूल्य आधाले घटेपनि बिक्री भइरहेको छैन। चार वर्षअघि तीन करोड मूल्य पर्ने घडेरी अहिले त्यसको आधा मूल्यमा झरेको छ तैपनि बिक्री नभइरहेको अवस्था छ। गाडीको मूल्य पनि घट्दो क्रममा छ। बजारमा गाडीको किनबेच स्वाट्टै घटेको छ। किनबेच नभएसँगै मूल्य घट्नु स्वाभाविक पनि हो। बैंक तथा वित्तीय संस्थाको लगानी घरजग्गा, गाडी र सेयरमा रहेको प्रष्टै छ।

तर, अहिले ऋणीले ऋण नतिरेपछि बैंक, वित्तीय संस्थाले लिलाम गरेको धितोसमेत बिक्री भइरहेको छैन। बैंकलाई धितो बिक्री गर्न धौंधौं परेको छ। सस्तोमा बेच्न खोज्दासमेत ग्राहक नपाएको अवस्था छ। बजारमा घरजग्गा, गाडी र सेयर किन्ने एक जना पनि छैन। बैंक, वित्तीय संस्था संकटमा परिसकेका छन्। सहकारीजस्तै बैंक पनि छिट्टै टाट पल्टिने दिन आएको छ। सहकारी भाग्दा त करोडौं जनता डुबे।

अब बैंक टाट पल्टिएमा कति करोड जनताको रुवाबासी हुने हो ? बैंक, वित्तीय संस्थाको नियामक निकाय नेपाल राष्ट्र बैंक बैंक, वित्तीय संस्थामा कुनै समस्या नरहेको दाबी गर्छ। बैंक, वित्तीय संस्था ठिकठाक छ कि छैन ? भनेर बुझ्न बजार आवश्यक छ किनकि बजारले परिस्थितिले यसबारे बताउँछ। अहिले बजारमा मन्दी छ। घरजग्गा, गाडी र सेयरको किनबेच ठप्प छ। फेरि बैंक, वित्तीय संस्थाको लगानी यिनै तीन क्षेत्रमा छ।

ऋणीले ऋण नतिरेपछि अहिले बैंक, वित्तीय संस्थाहरु धितो बिक्री गर्न लागिपरेका छन्। सस्तोमा बेच्न खोज्दा समेत ग्राहक नपाएर तनाव छ। बैंकका कर्मचारीहरुमै बैंक छिट्टै टाट पल्टिने चर्चा शुरु भइसकेको छ। अधिकांश बैंकका कर्मचारी नाम नबताउने शर्तमा आफूहरुको बैंकमा समस्या देखिन थालिसकेको बताउँछन्।

अनि राष्ट्र बैंक चाँहि अहिले पनि जनतालाई भ्रममा पारिरहेको छ। रोचक कुरा चाँहि के हो भने गर्भनर महाप्रसाद अधिकारी कहिल्यै बजारमा निस्किँदैनन्। उनलाई बजारको अवस्थाबारे केही थाहै छैन। अनि बजारै ननिस्किने व्यक्तिले बन्द कोठामा बसेर बैंक, वित्तीय संस्था ठिकठाक रहेको दाबी गर्नु आफैंमा हास्यास्पद छ। भनिन्छ नि सूर्यलाई हातले छेकेर छेकिँदैन। अनि डुबिसकेको बैंकलाई नडुबेको दाबी गरेर मात्र हुन्छ त।

कानूनमा सवारीसाधन दर्ता भएपछि त्यसको मूल्य घट्छ। अर्थात् वर्षौपिच्छे २५ प्रतिशतका दरले मूल्य घट्छ। घरमा पनि यस्तै हुन्छ। उदाहरणका लागि एक वर्षअघि दुई करोडमा बनेको घर एक वर्षपछि २५ प्रतिशतको दरले मूल्य घट्छ।

यद्यपि, दलालीहरुले कानूनको धज्जी उडाउँदै दिनमा दुई र रातमा दश गुणासम्म घरजग्गा र गाडीको मूल्य बढाए। यो झण्डै चार वर्षअघिको कुरा हो।

त्यतिबेला घरजग्गा र गाडीको मूल्य एक महिनामै दोब्बर-तेब्बरले बढ्यो। मूल्य बढेको देखेपछि सबैको आकर्षण यही क्षेत्रतर्फ मोडियो। मानिसहरुले ऋण लिएर दलालीले जे भन्यो, त्यति नै तिरेर घरजग्गा र गाडीमा लगानी गरे। बैंक, वित्तीय संस्थाहरुले पनि आँखा चिम्लेर कर्जा गर्यो। छिट्टै धनी हुने लोभमा न सर्वसाधारणले कानून अध्ययन गरे न त बैंक, वित्तीय संस्थाहरुले। अहिले यसैको परिमाण उनीहरुले भोगिरहेका छन्।

पछिल्लो समय घरजग्गा, गाडीको मूल्य लगातार घटिरहेको छ। किनेको आधा मूल्यमा समेत बिक्री भइरहेको छैन। अझै यसको मूल्यमा गिरावट आउने विज्ञहरु बताउँछन्। कुनै समय सेवाग्राहीको चाप थेगिनसक्नु हुने मालपोत र यातायात कार्यालय अचेल सुनसान देखिन्छन्। त्यसो त सेवाग्राहीको अत्याधिक चाप हुने यी कार्यालयमा जान कर्मचारीहरुबीच पनि हानाथाप हुने गर्दथ्यो किनकि यो कार्यालयमा सबैभन्दा बढी घुसको लेनदेन हुन्छ।

अहिले सेवाग्राही आउनै छोडेपछि कर्मचारीहरुले घुस पनि पाउन छोडेका छन्। अचेल मालपोत र यातायात कार्यालयमा नजान कर्मचारीहरुबीच लडाई हुने गरेको छ। घरजग्गा, गाडीको किनबेचमा मात्र मन्दी आएको छैन। व्यापार व्यवसाय ठप्पै भएको छ। उपत्यकासहित देशभर सटर, कोठा र फ्ल्याट खाली हुने क्रम बढेको छ। बजार सुनसान छ। अहिले दुई ठाउँमा मात्रै मानिसहरुको भीड देखिन्छ।

एउटा राहदानी बनाउने ठाउँ, अर्को एयरपोर्ट। युवाहरु विदेशिरहेका छन्। गाउँदेखि शहरसम्म बुढापाका र बालबच्चा मात्रै छन्। देशमै बस्न चाहेपनि एकातिर रोजगारी छैन। अर्कोतिर काम पाइएपनि तलब दिइँदैन। यसले देशका युवाहरु बाध्य भएर विदेश पलायन भइरहेका छन्। त्यसो त तिनै युवाहरुले पठाइरहेको रेमिट्यान्सले देशको अर्थतन्त्र धानिरहेको छ।

बैंक, वित्तीय संस्थामा त संकट आयो नै मुलुकको अर्थतन्त्रसमेत ध्वस्त भएको छ। यदि खाडीमा गएका हाम्रा नेपाली दाजुभाई, दिदीबहिनी, आमाबुबाहरुले रेमिट्यान्स नपठाएको भए उहिल्यै देश टाट पल्टिसकेको हुन्थ्यो। अहिले बजारमा पाँच सय र हजारको नोट हाहाकार भएको छ। विदेशी मुद्राहरु पनि लुकाइएको सुन्नि आएको छ।

सरकारमा बसेकाहरुलाई आफ्नो कुर्चीको मात्र चिन्ता छ। उनीहरुलाई न जनताको मतलब छ न देशको चिन्ता। सत्तामा बस्न पाइन्छ कि पाइँदैन ? भ्रष्टाचार गर्न पाइन्छ कि पाइँदैन ? सरकारी ढुकुटीमा मोज गर्न पाइन्छ कि पाइँदैन ? सरकारी, सार्वजनिक जग्गा आफ्ना कार्यकर्तालाई बाँड्न पाइन्छ कि पाइँदैन ? भन्ने मात्र चिन्ता सरकारमा बसेका वा बाहिर रहेका राजनीतिक दलहरुमा छ।

त्यसैले, अब जनताले आफ्नो सम्पत्तिको सुरक्षा आफैं गर्नुपर्छ। गभर्नर महाप्रसाद अधिकारी र अर्थमन्त्री विष्णुप्रसाद पौडेलको झुट्टा आश्वासनमा परेर सहकारीमा जसरी बैंकमा आफ्नो रकम डुबाउनु हुन्न। चनाखौं हौं, आफ्नो पैसाको सुरक्षा आफैं गरौं। ब्याजको लोभमा नपारौं, साँवाको चिन्ता गरौं।

# भ्रष्टाचारको चक्रव्यूह !

**प्रकाश रायमाझी**

*"भ्रष्टाचार नियन्त्रणमा नागरिक साझेदारी सुशासन प्रवर्धनमा सबैको जिम्मेवारी"*

नारासहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस वर्षको ३४ औं वार्षिक उत्सव मनाउँदै छ। भ्रष्टाचार नियन्त्रयणका लागि अख्तियार र नागरिक हातेमालो गर्दै अघि बढ्नु पर्ने र साझा प्रयासबाट मात्र भ्रष्टाचारलाई निर्मूल गर्न सकिनेमा आयोगले जोड दिएको छ। समाजका हरेक तहमा जरा गाडेको भ्रष्टाचारकै कारण सरकारको सेवा प्रवाह र विकासको गति मात्र प्रभावित भएको छैन, शासन व्यवस्थाप्रति समेत नागरिकको विश्वास कमजोर बन्दै गएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग यही समस्यासँग जुध्न स्थापना गरिएको हो। आयोगकै तदारुकताका कारण भ्रष्टाचार नियन्त्रणले केही गति लिएको छ। भ्रष्टाचारको प्रवृत्ति र प्रकृति पनि निरन्तर बदलिँदो छ। के बदलिँदो परिवेश, भ्रष्टाचारका नवीनतम स्वरूप, राष्ट्रिय-अन्तर्राष्ट्रिय चुनौती आदि सामना गर्न आयोग पूर्ण रुपमा प्रभावकारी छ ? विगतमा अनुभव र तथ्यांकले के भन्छन् ? यसलाई अझ सशक्त बनाउन नयाँ संरचना आवश्यक छ ? तथ्यांकले के भन्छ?

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०८०/८१ मा २६ हजार ९ सय १८ उजुरी दर्ता भएका थिए। तीमध्ये स्थानीय तहका निकायविरुद्ध बढी उजुरी परेका थिए। कुल उजुरीमध्ये ५२.८० प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित छन्। यस तथ्यांकले स्थानीय तहमा अनियमितता व्यापक रहेको देखाउँछ। विकासलाई जनतासँग जोड्न स्थानीय निकायको भूमिका महत्वपूर्ण छ तर यही तहमा बढ्दो अनियमितताले देशको उन्नतिमै समस्या सिर्जना गर्ने देखिन्छ। त्यस्तै कुल उजुरीमध्ये १५.७९ प्रतिशत शिक्षा क्षेत्रसँग सम्बन्धित थिए। विशेषगरी शिक्षक नियुक्ति, अनुदान वितरण र परीक्षा प्रणालीमा व्यापक भ्रष्टाचार रहेको तथ्यांकले देखाएको छ। गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धित उजुरीको संख्या ६.९८ प्रतिशत थियो, जसले अवैध आर्थिक लाभ लिने प्रवृत्ति बढिरहेको संकेत गर्छ। भूमिसम्बन्धी प्रशासनसँग जोडिएका उजुरी ६.४९ प्रतिशत थिए। विशेष गरी जग्गा नामसारी र नक्कली लालपुर्जा सम्बन्धी उजुरी धेरै परेका थिए। यस्तै ४.७१ प्रतिशत उजुरी नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी थिए। कारबाहीको प्रभावकारिता,उजुरीहरूको संख्या वर्षेनी बढिरहेको छ, जसको अर्थ जनतामा सचेतना बढेको छ। कारबाहीले त्यही अनुरुप गति लिन नसकेको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा आयोगले २ सय १ मुद्दा विशेष अदालतमा दायरगऱ्यो, जसमा १ हजार ५ सय ४५ जना दोषी ठहरिएका थिए। यदि कुल उजुरीसँग तुलना गर्ने हो भने केवल ०.७ प्रतिशत उजुरी मात्र अदालतसम्म पुग्छन्। बाँकी उजुरी अनुसन्धानकै क्रममा अलमलिन्छन्। भ्रष्टाचार किन हट्दैन? नेपालमा भ्रष्टाचार नियन्त्रणको प्रमुख चुनौती भनेकै प्रणालीगत कमजोरी हो। अख्तियारलाई स्वायत्त भनिए पनि यसको छानबिनलाई राजनीतिक रूपमा प्रभावित पार्न अनेक प्रयत्न हुने गरेको देखिआएकै तथ्य हो। यसका कारण ठूला काण्ड अक्सर निष्कर्षमा पुग्दैनन्। न्यायिक प्रक्रियाको ढिलाइले भ्रष्टाचारमा संलग्न व्यक्तिलाई फाइदा पुग्छ, जसले गर्दा भ्रष्टाचार नियन्त्रण गर्न कठिन हुन्छ। अर्कोतर्फ केही उजुरी प्रतिशोध साँध्न वा व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि मात्र पनि दर्ता गरिन्छन्। यसले वास्तविक मुद्दाको अनुसन्धानमा ढिलाइ हुने गर्छ। अख्तियारले प्रत्यक्ष रूपमा हस्तक्षेप गर्न नसक्ने क्षेत्र भनेकै नीतिगत भ्रष्टाचार हो। सार्वजनिक खरिदमा हुने अनियमितता, ठेक्कापट्टामा कमिसन र नीति निर्माणमै भ्रष्टाचार हुने प्रवृत्तिले अख्तियारसामु चुनौती चाङ खडा भएका छन्।

समाधान के हुन सक्छ? भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी सुधार आवश्यक छ। विशेष अदालतलाई अझ प्रभावकारी बनाउन उजुरी दर्तादेखि फैसला हुँदासम्मको प्रक्रिया पारदर्शी बनाउनु आवश्यक देखिन्छ। अख्तियारजस्ता निकायलाई बलियो बनाउँदै स्वतन्त्र रूपमा अनुन्धान गर्ने वातावरण विकास गर्नुपर्छ। भ्रष्टाचार उजागर गर्ने व्यक्तिलाई कानुनी सुरक्षा दिन आवश्यक कानुन बनाउन पनि उत्तिकै



आवश्यक छ। सरकारी खरिद र बजेट प्रणालीलाई पारदर्शी र प्रविधिमैत्री बनाउन सकियो भने पनि भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्नेछ। बलियो अख्तियार आवश्यक, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो क्षेत्राधिकारभित्र रहेर काम गरे पनि नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि यो पर्याप्त छैन। राजनीतिक इच्छाशक्ति, न्यायिक सुधार र प्रविधिको प्रयोगबिना नेपालमा भ्रष्टाचारको चक्रव्यूह तोड्न गाह्रो हुनेछ। नेपालले भ्रष्टाचार नियन्त्रणको दिशामा ठोस कदम नचालेमा, आर्थिक विकास गर्न, विदेशी लगानी भित्र्याउन र आमनागरिकको विश्वास पुनःस्थापित गर्न कठिन हुनेछ। नयाँ नेपाल निर्माण गर्ने हो भने उजुरी लिने मात्रै होइन, प्रभावकारी सुधार गर्ने समय आएको छ। यसका लागि अख्तियार दुरुपयोग अनुन्सधान आयोगसँग जनता, राजनीतिक दल र सबै तहका सरकारी निकायले हातेमालो गर्नु आवश्यक छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# कर्जा विस्तारमा आक्रामक बन्दै ग्लोबल आइएमई

काठमाडौं। वाणिज्य बैंकहरूले ७ महिनामा साढे २ खर्ब रुपैयाँ निक्षेप बढाएका छन्। चालु आर्थिक वर्ष २०८१/८२ को माघ मसान्तसम्ममा वाणिज्य बैंकहरूको निक्षेप २ खर्ब ४२ अर्ब २८ करोड रुपैयाँ बढेर ५९ खर्ब ९७ अर्ब ५ करोड रुपैयाँ संकलन गरेका छन्। जबकि गत असारसम्म बैंकहरूको निक्षेप ५७ खर्ब ५४ अर्ब ७७ करोड रुपैयाँ थियो।

७ महिनाको अवधिमा सबैभन्दा धेरै निक्षेप वृद्धि नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले गरेको छ। माघसम्ममा बैंकको निक्षेप संकलन ४० अर्ब ८७ करोड रुपैयाँ बढेर ४ खर्ब ४७ अर्ब ६७ करोड रुपैयाँ पुगेको छ। गत असारसम्म बैंकको निक्षेप ४ खर्ब ६ अर्ब ८० करोड रुपैयाँ थियो।

यस्तै, एनएमबि बैंकको ३३ अर्ब ९३ करोड रुपैयाँ बढेर २ खर्ब ६१ अर्ब ३ करोड रुपैयाँ, नबिल बैंकको ३० अर्ब ७८ करोड रुपैयाँ बढेर ४ खर्ब ९९ अर्ब ५४ करोड रुपैयाँ, एभरेष्ट बैंकको २७ अर्ब ७२ करोड रुपैयाँ बढेर २ खर्ब ६१ अर्ब १ करोड रुपैयाँ, ग्लोबल आईएमई बैंकको २४ अर्ब ३१ करोड रुपैयाँ बढेर ५ खर्ब २९ अर्ब २० करोड रुपैयाँ निक्षेप संकलन गरेका छन्।

प्राइम बैंकको २३ अर्ब २८ करोड रुपैयाँ बढेर २ खर्ब ३८ अर्ब ८१ करोड रुपैयाँ, नेपाल बैंकको २१ अर्ब १४ करोड रुपैयाँ बढेर ३ खर्ब ४ अर्ब २९ करोड रुपैयाँ, राष्ट्रिय वाणिज्य बैंकको १५ अर्ब २३ करोड रुपैयाँ बढेर ४ खर्ब ४४ अर्ब ३७ करोड रुपैयाँ, सानिमा बैंकको १४ अर्ब २२ करोड रुपैयाँ बढेर २ खर्ब १३ अर्ब ६० करोड रुपैयाँ निक्षेप संकलन गरेका हुन्। लक्ष्मी सनराइज बैंकको १३ अर्ब ६६ करोड रुपैयाँ बढेर ३ खर्ब ४७ अर्ब २२ करोड रुपैयाँ, कृषि विकास बैंकको १३ अर्ब २ करोड रुपैयाँ बढेर २ खर्ब ५६ अर्ब ७८ करोड रुपैयाँ, कुमारी बैंकको ११ अर्ब ११ करोड रुपैयाँ बढेर ३ खर्ब ६१ अर्ब ८७ करोड रुपैयाँ, स्ट्यान्डर्ड चार्टर्ड बैंकको ९ अर्ब ६६ करोड रुपैयाँ बढेर १ खर्ब २४ अर्ब ४९ करोड रुपैयाँ निक्षेप पुगेको छ।

| बैंकहरूको कर्जा लगानी (रू.अर्बमा) | | | |
|---|---|---|---|
| बैंकको नाम | २०८१ असार | २०८१ माघ | फरक (%) |
| ग्लोबल आइएमई बैंक | ३९०.७७ | ४३१.३४ | ४०.५७ |
| एभरेष्ट बैंक | १८६.५० | २२०.८२ | ३४.३२ |
| एनएमबि बैंक | २०४.६१ | २३२.०७ | २७.४६ |
| नबिल बैंक | ३८८.३५ | ४११.८३ | २३.४८ |
| लक्ष्मी सनराइज बैंक | २५८.६३ | २८१.६१ | २२.९८ |
| नेपाल इन्भेष्टमेन्ट मेगा बैंक | ३२८.८६ | ३५१.५० | २२.६४ |
| राष्ट्रिय वाणिज्य बैंक | २६१.७८ | २८३.५३ | २१.७५ |
| प्राइम बैंक | १९३.९३ | २१२.९२ | १८.९९ |
| नेपाल बैंक | २०७.९४ | २२४.२२ | १६.२८ |
| सिद्धार्थ बैंक | २०३.५५ | २१६.५७ | १३.०२ |
| माछापुच्छ्रे बैंक | १३१.१४ | १४३.७२ | १२.५८ |
| सानिमा बैंक | १६५.७८ | १७७.३४ | ११.५६ |
| सिटिजन्स बैंक | १५७.५९ | १६८.६८ | ११.०९ |
| कुमारी बैंक | २९३.४१ | ३०१.५७ | ८.१६ |
| नेपाल एसबीआई बैंक | १३२.९७ | १३९.४८ | ६.५१ |
| हिमालयन बैंक | २४७.११ | २५०.८२ | ३.७१ |
| कृषि विकास बैंक | २०७.०९ | २०७.१८ | ०.०९ |
| एनआईसी एशिया बैंक | २८५.३३ | २५२.४५ | -३२.८८ |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक | ८९.६६ | ८५.८७ | -३.७९ |
| प्रभु बैंक | २३५.९१ | २३४.३३ | -१.५८ |
| कुल | ४५७०.९१ | ४८२७.८५ | २५६.९४ |

सिटिजन्स बैंकको ९ अर्ब ३१ करोड रुपैयाँ बढेर २ खर्ब ७८ करोड रुपैयाँ, माछापुच्छ्रे बैंकको ७ अर्ब १ करोड रुपैयाँ बढेर १ खर्ब ६८ अर्ब ३५ करोड रुपैयाँ, नेपाल एसबिआई बैंकको ६ अर्ब ९२ करोड रुपैयाँ बढेर १ खर्ब ८२ अर्ब ३४ करोड रुपैयाँ र हिमालयन बैंकको ३ अर्ब रुपैयाँ बढेर ३ खर्ब ७२ करोड रुपैयाँ निक्षेप संकलन पुगेको छ।

तर, यस अवधिमा एनआईसी एशिया बैंक, प्रभु बैंक र सिद्धार्थ बैंकको निक्षेप संकलन भने घटेको देखिन्छ। ७ महिनामा एनआईसी एशिया बैंकको निक्षेप ५८ अर्ब २२ करोड रुपैयाँ घटेर ३ खर्ब २ अर्ब ३२ करोड रुपैयाँमा झरेको छ। जबकी गत असारमा बैंकको निक्षेप ३ खर्ब ६० अर्ब ५४ करोड रुपैयाँ थियो।

यस्तै, प्रभु बैंकको ३ अर्ब ७ करोड रुपैयाँ घटेर ३ खर्ब ९ अर्ब १६ करोड रुपैयाँ र सिद्धार्थ बैंकको १ अर्ब ६० करोड रुपैयाँ घटेर २ खर्ब ४३ अर्ब ३० करोड रुपैयाँमा निक्षेप झरेको छ।

**कर्जा विस्तारमा आक्रामक ग्लोबल आइएमई**

चालु आवका ७ महिनामा बैंकहरूले २ खर्ब ५६ अर्ब ९४ करोड रुपैयाँ कर्जा विस्तार गरेका छन्। माघ मसान्तसम्ममा बैंकहरूको कर्जा लगानी ४८ खर्ब २७ अर्ब ८५ करोड रुपैयाँ पुगेको छ। गत असार सम्ममा बैंकहरूले ४५ खर्ब ७० अर्ब ९१ करोड रुपैयाँ कर्जा लगानी गरेका थिए।

यस अवधिमा ग्लोबल आइएमई बैंकले आक्रामक रूपमा कर्जा लगानी विस्तार गरेको छ। ग्लोबल आइएमईले ४० अर्ब ५७ करोड रुपैयाँ कर्जा बढाएर ४ खर्ब ३१ अर्ब ३४ करोड रुपैयाँ पुऱ्याएको छ। गत असारमा बैंकको कर्जा लगानी ३ खर्ब ९० अर्ब ७७ करोड रुपैयाँ थियो।

एभरेष्ट बैंकको ३४ अर्ब ३२ करोड रुपैयाँ बढेर २ अर्ब २० अर्ब ८२ करोड रुपैयाँ, एनएमबि बैंकको २७ अर्ब ४६ करोड रुपैयाँ बढेर २ खर्ब ३२ अर्ब ७ करोड रुपैयाँ, नबिल बैंकको २३ अर्ब ४८ करोड रुपैयाँ बढेर ४ खर्ब ११ अर्ब ८३ करोड रुपैयाँ, लक्ष्मी सनराइज बैंकको २२ अर्ब ९८ करोड रुपैयाँ बढेर २ खर्ब ८१ अर्ब ६१ करोड रुपैयाँ कर्जा लगानी गरेका छन्।

नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको २२ अर्ब ६४ करोड रुपैयाँ बढेर ३ खर्ब ५१ अर्ब ५० करोड रुपैयाँ, राष्ट्रिय वाणिज्य बैंकको २१ अर्ब ७५ करोड रुपैयाँ बढेर २ खर्ब ८३ अर्ब ५३ करोड रुपैयाँ, प्राइम बैंकको १८ अर्ब ९९ करोड रुपैयाँ बढेर २ खर्ब १२ अर्ब ८२ करोड रुपैयाँ, नेपाल बैंकको १६ अर्ब २८ करोड रुपैयाँ बढेर २ खर्ब २४ अर्ब २२ करोड रुपैयाँ कर्जा विस्तार गरेका छन्।

सिद्धार्थ बैंकको १३ अर्ब २ करोड रुपैयाँ बढेर २ खर्ब १६ अर्ब ५७ करोड रुपैयाँ, माछापुच्छ्रे बैंकको १२ अर्ब ५८ करोड रुपैयाँ बढेर १ खर्ब ४३ अर्ब ७२ करोड रुपैयाँ, सानिमा बैंकको ११ अर्ब ५६ करोड रुपैयाँ बढेर १ खर्ब ७७ अर्ब ३४ करोड रुपैयाँ, सिटिजन्स बैंकको ११ अर्ब ९ करोड रुपैयाँ बढेर १ खर्ब ६८ अर्ब ६८ करोड रुपैयाँ कर्जा लगानी गरेका छन्। कुमारी बैंकको ८ अर्ब १६ करोड रुपैयाँ बढेर ३ खर्ब १ अर्ब ५७ करोड रुपैयाँ, नेपाल एसबिआई बैंकको ६ अर्ब ५१ करोड रुपैयाँ बढेर १ खर्ब ३९ अर्ब ४८ करोड रुपैयाँ, हिमालयन बैंकको ३ अर्ब ७१ करोड रुपैयाँ बढेर २ खर्ब ५० अर्ब ८२ करोड रुपैयाँ, कृषि विकास बैंकको ९ करोड रुपैयाँ बढेर २ खर्ब ७ अर्ब १८ करोड रुपैयाँ कर्जा लगानी गरेका छन्।

समीक्षा अवधिमा एनआईसी एशिया बैंकको कर्जा लगानी ह्वात्तै घटेको छ। एनआईसी एशिया बैंकको ३२ अर्ब ८८ करोड रुपैयाँ २ खर्ब ५२ अर्ब ४५ करोड रुपैयाँमा कर्जा लगानी झरेको छ। जबकी गत असारमा बैंकको कर्जा लगानी २ खर्ब ८५ अर्ब ३३ करोड रुपैयाँ थियो।

यस्तै, स्ट्यान्डर्ड चार्टर्ड बैंकको ३ अर्ब ७९ करोड रुपैयाँ घटेर ८५ अर्ब ८७ करोड रुपैयाँ र प्रभु बैंकको १ अर्ब ५८ करोड रुपैयाँ घटेर २ खर्ब ३४ अर्ब ३३ करोड रुपैयाँ कर्जा लगानी गरेका थिए।

# रा.वा.बैंक पोखरामा बिस्तार

पोखरा/ उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निराशाबाट मुलुकलाई बाहिर निकाल्न सरकारले सार्थक पहल गरिरहेको बताएका छन्। राष्ट्रिय वाणिज्य बैंकको गण्डकी प्रादेशीक कार्यालय पोखरा र शाखा कार्यालय पृथ्वीचोकको नवनिर्मित भवन शनिबार उद्घाटन गर्ने क्रममा अर्थमन्त्री पौडेलले त्यस्तो बताएका हुन्।




उनले सरकारको स्वामित्वमा रहेको वाणिज्य बैंकले प्रवाह गर्ने सेवा र दिने सुविधाहरुलाई समय सापेक्ष बनाउँदै प्रत्येक सेवाग्राहीले आफ्नोपनको महसुस गर्ने गरी कार्य गर्न बैंक व्यवस्थापनलाई निर्देशन दिए। प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन बैंकले आधार दरमा थोरै मात्र प्रिमियम जोडेर एकल अंकमा ब्याजदर कायम गरेको जानकारी दिए। उनले सस्तो ब्याजदरको फाइदा उठाउँदै व्यवसायीहरुलाई कर्जा लिएर देशको आर्थिक विकासमा योगदान गर्न आव्हान पनि गरे।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, नेपाल राष्ट्र बैंक पोखराका प्रमुख दीपकराज लामिछानेले शुभकामना मन्तव्य दिएका थिए। यसैगरी बैंक सञ्चालक समिति सदस्य प्रा.डा. रामप्रसाद ज्ञवाली, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पनि शुभकामना दिएका थिए।

बैंकको सञ्चालक समितिका सदस्य लक्ष्मण घिमिरेको सभापतित्वमा कार्यक्रम भएको थियो।

हाल सातवटै प्रदेशका ७७ जिल्लाका सदरमुकामसहित देशैभर २९४ शाखा कार्यालय रहेको बैंकले जानकारी गराएको छ। यसैगरी ३१२ एटिएम, ९९ वटा शाखा रहित बैंकिङ्ग सेवा, ७३ वटा एक्स्टेन्सन काउण्टर, त्तच ऋयमभ सेवा, एइक ९एयष्लत या क्बभि० सेवा, ऋचभमष्त ऋबचम, म्भदष्त ऋबचम, ऋयललभअत क्षएक, कबचत त्तच त्भ्भिच (बिना चेक रकम झिक्न सकिने), इन्टरनेट बैंकिङ्ग, परिष्कृत रुपको मोबाइल बैंकिङ्ग (डिजिटल संसार) तथा बिना इन्टरनेट चल्ने ग्क्क्म मोबाइल बैंकिङ्गका सेवाहरु समेत सञ्चालनमा रहेका उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी पवन रेग्मीले जानकारी दिएका छन्।

# कुमारी बैंक र सूर्यविनायक मिसन हस्पिटलबीच सम्झौता

काठमाडौं। कुमारी बैंक र सूर्यविनायक भक्तपुरस्थित सूर्यविनायक मिसन हस्पिटलबीच कुमारी बैंक लिमिटेडका ग्राहकलाई हस्पिटलबाट प्रदान हुने विभिन्न




सेवाहरुमा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ।

उक्त सम्झौता अनुसार सूर्यविनायक मिसन हस्पिटलबाट प्रदान गरिदै आएका सेवाहरुमा ग्राहकहरूलाई प्रयोगशाला परीक्षण, एक्स-रे, युसिजी तथा ओपिडी टिकटमा २० प्रतिशत छुट र औषधिमा १० प्रतिशत छुट दिने गरी सम्झौता भएको हो। विगत २३ वर्षदेखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले अनवरतरुपमा वित्तिय साक्षरता प्रवर्द्धन गर्दै आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१६ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखा रहित बैंकिङ्ग ईकाईहरु मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ।

# १ सय रुपैयाामा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको साढे ८ लाख कित्ता सेयर बिक्रीमा

काठमाडौं। नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको संस्थापक सेयर बिक्रीमा राखिएको छ। बैंकको संस्थापक समूहको साढे ८ लाख कित्ता सेयर बिक्रीमा राखिएको हो। बैंकको संस्थापक समूहको ८ लाख ५० हजार कित्ता सेयर आज फागुन १ गतेदेखि बिक्रीमा राखिएको हो। बैंकको उक्त सेयरको मूल्य प्रतिकित्ता १ सय रुपैयाँ तोकिएको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बैंकको सेयरमा सर्वसाधारण लगानीकर्ताले समेत आवेदन दिन पाउनेछन्। खरिद गर्न इच्छुक लगानीकर्ताले फागुन ९ गतेभित्र आवेदन दिनुपर्ने बैंकले जनाएको छ। बैंकको सेयर खरिदका लागि आवेदन दिँदा न्यूनतम १ लाख २५ हजार कित्ता र अधिकतम सम्पूर्ण कित्ता सेयरका लागि आवेदन दिनुपर्नेछ। बैंकको सेयर बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल छ।

# एनआईसी एशिया बैंकले बिक्रीमा राख्यो सीआईटी

काठमाडौं। एनआईसी एशिया बैंकले एकैपटक विभिन्न ४ वटा कम्पनीको सेयर बिक्रीमा राखेको छ। विभिन्न ४ कम्पनीमा रहेको आफ्नो स्वामित्वको सेयर बिक्री गरेर बैंक बाहिरिने भएको हो।




बैंकले आफ्नो स्वामित्वमा रहेको नागरिक लगानी कोष (सीआईटी), सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था, सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी र नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा)को सेयर बिक्रीमा राखेको हो।

बैंकले नागरिक लगानी कोषको ५० हजार कित्ता, सूर्योदय वोमी लघुवित्तको ५९ हजार ६० कित्ता, सूर्यज्योति लाइफको ५० हजार कित्ता र निफ्राको १० लाख कित्ता गरी कुल ११ लाख ५९ ६० कित्ता सेयर बिक्रीमा राखेको हो। बैंकले नागरिक लगानीको सेयर मूल्य प्रतिकित्ता ६९० रुपैयाँ, सूर्योदय वोमी लघुवित्तको प्रतिकित्ता २७३ रुपैयाँ, सूर्यज्योति लाइफको प्रतिकित्ता १६५ रुपैयाँ र निफ्राको प्रतिकित्ता १०५ रुपैयाँ मूल्य तोकेको छ। खरिद गर्न इच्छुक लगानीकर्ताले सो वा सो मूल्य भन्दा बढी कबोल गरी आवेदन दिनुपर्नेछ। सेयर खरिदका लागि आवेदन दिँदा कम्तिमा ५ हजार कित्ता र अधिकतम सम्पूर्ण कित्ताका लागि बोलपत्र पेस गर्नुपर्नेछ। उक्त सेयर बिक्री प्रबन्धकको कार्य एनआईसी एशिया क्यापिटलले गर्नेछ।

सेयर खरिदका लागि बिक्री प्रबन्धकका साथै एनआईसी एशिया बैंकको कर्पोरेट कार्यालय थापाथली, विराटनगर मोरङ, आदर्शनगर वीरगंज, महेन्द्रपुल पोखरा, श्रवणपथ बुटवल, हस्पिटल लाइन धनगढी र विरेन्द्रनगर सुर्खेतबाट आवेदन दिन सकिनेछ।

# वात्सल्य नेचुरल आईभीएफमा सिटिजन्स बैंकका ग्राहकले १० प्रतिशत छुट पाउने

काठमाडौं। सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड र वात्सल्य नेचुरल आईभीएफबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ। समझदारपश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरूले वात्सल्य नेचुरल आईभीएफमा १० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ। बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहक मैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ।



बैंक अफ द ईयर २०२४ को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' (भर्चुअलक्रेडिट कार्ड) सञ्चालनमा ल्याएको छ। साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै सेर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुबिधा पनि ल्याएको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरि ६० जिल्लामा फैलिएका आफ्ना १९८ वटा शाखा, १६३ वटा एटीएम, ३ विस्तारित काउन्टर र ७४ वटा शाखारहित बैंकिङ ईकाइहरूबाट १८ लाख ५० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवाहरू प्रदान गर्दै आएको छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

**विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी**

तपाईका सन्तान विदेशमा पढ्दैछन् ?
तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?
तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिएर सहकार्य गर्न सक्नुहुनेछ। त्यसका लागि

**सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)**

**इन्टरनेशनल स्टुडेन्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल**

**काठमाडौं–११, बबरमहल**

# नेपाली कांग्रेस भित्रको अन्तर्संघर्ष र अबको बाटो

**नरेश विष्ट**

नेपालको राजनीतिक परिदृश्य अहिले एक जटिल मोडमा पुगेको छ। यहाँका संस्थागत प्रतिरोध, पार्टीभित्रका विभाजन, बाह्य प्रभावहरू र बदलिँदो सत्ता समीकरणहरूले सत्तारुढ गठबन्धनभित्र तनावको वातावरण सिर्जना गरेका छन्। नेपाली कांग्रेस भित्रको आन्तरिक प्रतिष्पर्धा, सुरक्षा निकायहरूमा असन्तुष्टि र सञ्चारमाध्यमहरूमाथि नियमनको प्रयासले देशको लोकतान्त्रिक प्रक्रियामा गम्भीर असर पार्न सक्ने संकेत दिएका छन्।

सुरुवात गरौं, प्रशासनिक निकाय र सुरक्षा संस्थाहरूको अवस्थासँग। प्रस्तावित प्रहरी विधेयकलाई लिएर प्रहरी प्रशासन भित्र असन्तुष्टि फैलिएको छ। यस असन्तुष्टिको यदि विरोध बढ्छ भने, यसको असर कानून कार्यान्वयन र शासनमा कस्तो पर्न सक्छ ? यही समय, सेनाको निष्ठा सम्बन्धी पनि प्रश्न उठेका छन्, विशेष गरेर ताराद्वजसँगको विवादको सन्दर्भमा। यो विवादले राष्ट्रिय सुरक्षासम्बन्धी चिन्ताहरू निम्त्याउन सक्छ। अर्कोतर्फ, सरकार र न्यायपालिकाबीचको बढ्दो तनावले गहिरो शासन चुनौतीको संकेत दिन सक्छ। कांग्रेस भित्रको विभाजनले तत्काल अस्थिरता नल्याए पनि, साना अन्तरविरोधहरूले भविष्यमा शक्ति सन्तुलनमा परिवर्तन ल्याउन सक्छ।

नेपालको पश्चिमी र दक्षिणी क्षेत्रमा सरकारको विपक्षी धारणा अझ बलियो देखिन्छ। यसले परम्परागत राजनीतिक विभाजनलाई पुष्टि गर्दछ। थप रूपमा, सामाजिक सञ्जाल नियमनसम्बन्धी प्रस्तावित नीतिहरूको विरोधले सञ्चारमाध्यमहरूलाई सरकारविरुद्ध एकताबद्ध गर्न सक्छ, यसले सरकारका लागि रणनीतिक व्यवस्थापनको आवश्यकता पनि जन्माउँछ। नियन्त्रण नियमन कानून निर्माणमा थापा सचिवालयको सक्रियताले थापा माथिको समाचार संकलनकर्ताको अपार समर्थनको नैतिक धरातल भत्किने संभावना पनि छ।

अब आइपुगौं कांग्रेसको नेतृत्वको संघर्षमा। महामन्त्री गगन कुमार थापाले नेपाली कांग्रेसको अध्यक्षका रूपमा उदाउने अड्कलबाजीहरूले पार्टीमा नयाँ शक्ति सन्तुलन सिर्जना गर्ने सम्भावना बनाएका छन्। पार्टीका अन्य नेता विश्वप्रकाश शर्मा उपाध्यक्ष र प्रदीप पौडेल क्रमशः उपसभापति र महामन्त्रीको रूपमा उभिने अड्कल छन्। यदि थापा नेतृत्वमा उत्रिए भने, शेरबहादुर देउवाले उदाउँदै गरेकी क्षमतावान नेतृ डा. आरजू राणाको सुरक्षाका निम्ति यी नयाँ शक्तिहरूसँग कसरी सामना गर्नेछन् भन्ने बहसले गति लिएको छ तर यो पनि चर्चा चलेको छ कि महामन्त्री थापाले छिट्टै देउवाका उत्तराधिकार प्राप्त गरुन् ! एक फरक तर गम्भिर प्रसंगमा अवतरित हुनुपर्दा गगन थापा माथि क्रिश्चियानिटीको आरोप लाग्ने गर्दथ्यो र त्यो गगन थापाले हालै हिन्दू मन्दिरमा पूजा गरेको एक भिडियो सार्वजनिक गरे, जसले केही जिज्ञासा उठायो। उनि माथि लागेको आरोप र सार्वजनिक त्यो भिडियोको विचबाट नियाल्यौ भने के तमाम नेपाली हिन्दुवादी नेताहरूले मन्दिर दर्शन गर्दा आफूद्वारा अभिनीत वृतचित्र प्रसारण गर्छन् त ? के यो व्यक्तिगत आस्था हो, वा यसमा कुनै रणनीतिक पाटो पनि जोडिएको छ ?

गगन थापाको धार्मिक क्रियाकलापलाई खुलेआम प्रचार गर्नुको कारण के हुन सक्छ ? सरकारले विआरआई ड्राफ्ट दस्ता निर्माण गर्यो नेपाली कांग्रेसले सरकारको 'घुम्ती उच्चस्तरीय संयन्त्र' निर्माण गर्यो जहाँ गगन थापाकै सचिवालय सक्रिय थियो र विआरआई सम्झौता भयो। उपरोक्त सम्झौता माथि मित्र राष्ट्रहरूको नाराज चेहरा बुझेका थापाले 'जब परराष्ट्र मन्त्री सभापति नै चाहनु हुन्थ्यो त मेरो के लाग्थ्यो र' भन्ने जवाफ दिए तर यो ब्यालेन्स गेम लामो यसरी टिकेन कि, थापा सरकार ८४ सम्मै रहने अभिव्यक्ति दिन तल्लिन रहे। त्यो भन्दा पर सरकारद्वारा निर्मित अध्यादेशहरू निर्माण गर्ने निरन्तर सक्रिय रहिरहे र यो विषयले भारतलाई कुन डायमिटरको चोट लागेको छ वा अमेरिकाले यसलाई कसरी लिएको छ वा उनि चिनिया एक दलिय प्रणाली भित्र प्रवेश गरिसके ? यस विच अन्य के संशय आरम्भ पनि भएको आभाष छ कि यो पछिल्लो पूजायाचनाले आर एस एस प्रभावित भयो वा भ्याटिकन नाराज !

साथै, केही रिपोर्टहरूका अनुसार, पश्चिमी प्रभावहरूले गगन थापालाई भारतसँगको सम्बन्धमा महत्वपूर्ण व्यक्तिका रूपमा प्रवेश गराई दिएका छन्। यदि यसले यथार्थमा आकार लियो भने, नेपालका नेतृत्वमा नयाँ भू-राजनीतिक समीकरणहरू विकसित हुन सक्छ। यस्ता रणनीतिहरू नेपालका क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्धहरूमा, विशेषगरी बेल्ट एन्ड रोड इनिसिएटिभ (ब्रिक्ष) जस्ता परियोजनाहरूसँगको सम्पर्कमा के प्रभाव पार्न सक्छन् भन्ने प्रश्न उनले अब आजीवन मेटाउन सक्ने छैनन्। भारतलाई संभवत मन्दिरको सन्त पुजारी भन्दा उसको सुरक्षा स्वार्थ ठुलो छ उ भन्छ 'भारत माता की जय !'

एक अर्को प्रसंगमा कांग्रेस भित्र वीपी पुत्र शशांक कोइरालाको रणनीतिक सक्रियता र भारतीय दूतावाससँग भनिएको भेटवार्ताले बाह्य प्रभावहरूको संकेत दिन्छ तर, उनि नितान्त सचिवालय सदस्यको एक सेरेमोनियल कार्यकारी सदस्यमै सीमित देखन्छिन्। आम रूपमा वेल मिनिङका डा. शशांक बिरामी परेपछि उनको घरभित्र विभाजनकारी बाह्य शक्तिको दबदबा बढ्यो।

यसैबीच, देउवाको रणनीतिक सोचमा पनि महत्त्वपूर्ण घटकहरू छन्। पार्टीभित्रको गुटबन्दीले देउवा डा. शेखर कोइरालाको गतिविधि, विशेष गरेर कोशी प्रदेश र सुदूरपश्चिममा भएको उनको क्रियाकलापलाई निकटबाट नियालिरहेका छन्। देउवा यसलाई सामान्य राजनीतिक चहलपहलका रूपमा देख्छन् कि यो एक ठूलो चुनौतीको संकेत हो ? भविष्यमा यसले कस्तो रूप लिन्छ, त्यो महत्त्वपूर्ण हुनेछ। तर, देउवा डाक्टर शेखर कोईरालासँग धेरै विमत्तिहरू राख्दैनन्। किनभने डा. कोइरालाको भूराजनीतिक सन्तुलन अलि ज्यादा स्थिर छ। यी मूल कारणहरूले आन्तरिक शक्ति सन्तुलनमा देउवा परिवारले डाक्टर शेखर कोइरालासँग सहकार्य गर्ने संकेत गर्दछ तर यसविच गगन थापासँगको पुनर्मिलनमा डाक्टर मिनेन्द्र रिजाल, एन पी साउद, राजेन्द्र बजगाई गुरू घिमिरे डाक्टर गोविन्द पोखरेलहरूको भूमिका पनि रोचक देखिनेछ।

नेपालको भू-राजनीतिक र बाह्य प्रभावहरूको कुरा गर्दा, पश्चिमी मुलुकहरूले नेपालको लोकतान्त्रिक प्रक्रियालाई कसरी हेरेका छन् भन्ने कुरा गहिरो चिन्ताको विषय बनेको छ। के पश्चिमी र भारतीय कूटनीतिक निकायहरूले प्रमुख कांग्रेस नेताहरूलाई विशिष्ट क्षेत्रीय रणनीतिहरूसँग समन्वय गर्न सुझाव दिएका छन् ? यसको परिणाम स्वरूप, कांग्रेस नेताहरूले नेपालका विदेश नीतिहरू (ब्रिक्ष, इन्डो-प्यासिफिक रणनीति) निर्माणमा के भूमिका खेलेका छन् भन्ने प्रश्न पनि उठ्छ।

अब, यदि देउवा पार्टीबाट बाहिरिएको सन्दर्भमा पनि कांग्रेसमा न्यूनतम २० प्रतिशत समर्थक देउवा सँगै अन्तिम दिनसम्म रहन्छ त्यो भनेको लोकतान्त्रिक पार्टीमा ठुलो शक्ति हो। अथवा, देउवा नयाँ रणनीति अपनाउँदै सत्ता जोगाउने प्रयास गर्ने छैनन् ! देउवाको व्यावहारिक नेतृत्वशैली र उनकी पत्नीको प्रभावशाली भूमिका हेर्दा, के उनीहरूले आफ्नो अनुभवलाई प्रयोग गरी पार्टीमा शक्ति सन्तुलन कायम राख्न सक्नेछन् यो प्रश्न पाठक बिच नै छाडिएको छ।

अन्तिममा, शेखर कोइराला र गगन थापाबीचको एकताको दुरी अझ बढी बढ्दैछ कि छैन भन्ने सवाल उठ्छ। डेढ वर्ष पूर्व एक कांग्रेस सांसदले डाक्टर शेखर कोइराला र महामन्त्री गगन थापा विच होटल याक एण्ड यतीमा शक्ति सन्तुलन प्रस्ताव गराएका थिए। अब, दुरी घट्यो र यसले आकार लियो भने, के यसले नेपाली कांग्रेसको भविष्यलाई पुनः परिभाषित गर्दै नयाँ शक्ति सन्तुलन सिर्जना गर्नेछ ? तर, यस विच विश्वप्रकाश शर्मा भाई शशांक, एन.पी. साउद सँगको एकताको बाटो आरम्भ भैसकेको परिस्थितिमा परिस्थिति अन्तै तैरिने त छैन ? अनि रेल छुट्छ ?

नेपालको राजनीतिक परिदृश्य अस्थिर र परिवर्तनशील रहेको छ, र आगामी महिनाहरूले नेताहरूलाई रणनीतिक पुनर्संरचनाको मार्ग अपनाउनेछन् वा आन्तरिक सुदृढीकरण गर्नेछन् भन्ने कुरा पत्ता लगाउनेछन्। *(विष्ट नुवाकोटबासी राजनीतिक विश्लेषक हुन्)*

**अधिवक्ता तथा सह–प्राध्यापक गम्भीर बहादुर हाडाको बृहस्पति पुस्तक प्रकाशन तथा अन्य प्रकाशनबाट ग्रामीण विकास सम्बन्धी कक्षा ११, १२, स्नातक तह तथा स्नातकोत्तर तहको प्रकाशित पुस्तकहरु**

- गम्भीर बहादुर हाडा, ग्रामीण अर्थशास्त्र (Rural Economics) Class 12-Text Book, रत्न सागर प्रकाशन प्रा.लि., डिल्लीबजार, काठमाडौं, नेपाल, प्रथम संस्करण, २०६९ असार।
- गम्भीर बहादुर हाडा, ग्रामीण अर्थशास्त्र (Rural Economics) Eco.Edu.322, त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत तेश्रो वर्ष ग्रामीण अर्थशास्त्र (Eco-Edu.322) को नयाँ पाठ्यक्रममा पूर्ण रुपमा आधारित पाठ्यपुस्तक, बृहस्पति पुस्तक प्रकाशन, चाबहिल, काठमाडौं, तेश्रो संस्करण २०६९, वैशाख।
- उच्च माध्यमिक शिक्षा परिषद्को कक्षा १२ ग्रामीण अर्थशास्त्र (Rural Economics) को नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक A Text Book on ग्रामीण अर्थशास्त्र Rural Economics, Class 12
- गम्भीर बहादुर हाडा, गंगादत्त नेपाल, ग्रामीण विकास सिद्धान्त अवधारणा र नीतिहरु (Rural Development: Theories, Concept and Policies) दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल, प्रथम संस्करण २०६२, श्रावण-स्नातक तह प्रथम वर्ष-ग्रामीण विकास-Code No..
- गम्भीर बहादुर हाडा, नेपालको ग्रामीण अर्थशास्त्र, स्नातक तह ग्रामीण विकास दोश्रो वर्ष (Rural Economics of Nepal) स्नातक तह ग्रामीण विकास द्वितीय वर्ष, दिक्षान्त पुस्तक भण्डार, वि.सं. २०६२।
- गम्भीर बहादुर हाडा, ग्रामीण स्रोतहरु, वातावरण तथा व्यवस्थापन (Rural Resources, Environment and Management) ज्ञानकुञ्ज प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल, संस्करण २०६३/६४, ग्रामीण विकास–स्नातक तह दोश्रो वर्षको चौथो पत्र।
- गम्भीर बहादुर हाडा, भोजेन्द्र अर्याल, ग्रामीण सन्दर्भमा विकास एवं योजना अर्थशास्त्र (Economics of Development and planning), दिक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौ, नेपाल, प्रथम संस्करण, २०६२, आश्विन स्नातकोत्तर तह-ग्रामीण विकास- प्रथम वर्ष, प्रथम पत्र Code No.
- गम्भीर बहादुर हाडा, ग्रामीण विकासः नीति तथा विधिहरु, आधारित पाठ्यपुस्तक कक्षा ११ को ग्रामीण विकास (R.D.) विषयको नयाँ पाठ्यक्रममा पूर्ण रुपमा Rural Development, Policies and Strategies, दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल प्रथम संस्करण, २०६२, आश्विन स्नातकोत्तर तह पहिलो वर्ष-ग्रामीण विकास प्रथम वर्ष-दोश्रो पत्र
- गम्भीर बहादुर हाडा, ग्रामीण विकास (Rural Development), कक्षा-११, बृहस्पति पुस्तक प्रकाशन, चाबहिल, काठमाडौं, प्रथम संस्करण, २०६८, उच्च माध्यमिक शिक्षा परिषद्द्वारा स्वीकृत -दिगो ग्रामीण विकास (Sustainable Rural Development), स्नातकोत्तर तह-ग्रामीण विकास दोश्रो वर्ष-त्रिभुवन विश्व विद्यालय स्नातकोत्तर तह ग्रामीण विकास (RD 507) को संशोधित नयाँ पाठ्यक्रममा आधारित संस्करण २०६४/०८/१५, कीर्तिपुर, काठमाडौं, नेपाल।
- त्रिभूवन विश्व विद्यालयको तीन वर्षे बी.ए.द्वितीय वर्षको ग्रामीण स्रोतहरु, वातावरण तथा व्यवस्थापन (RD 313) को नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक,
- गम्भीर बहादुर हाडा, ग्रामीण स्रोतहरु, वातावरण तथा व्यवस्थापन (Rural Resources, Environment and Management), अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि., अनामनगर, काठमाडौं, दोश्रो संस्करण, २०६८।
- गम्भीर बहादुर हाडा र राम हाडा, त्रिभुवन विश्वविद्यालयको तीन वर्षे बी.ए., प्रथम वर्षको ग्रामीण विकास (RD 311), को नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक, ग्रामीण विकास,-सिद्धान्त, अवधारणा र पद्धति (Rural Development-Theories Approaches and Techniques), अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि., अनामनगर, काठमाडौं, प्रथम संस्करण, २०६२ वैशाख।
- गम्भीर बहादुर हाडा, ग्रामीण अर्थशास्त्र (Rural Economics), त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, स्नातक तह तेश्रो वर्षको ग्रामीण अर्थशास्त्र (Eco.Edu.306) को पाठ्यक्रममा पूर्ण रुपमा आधारित पाठ्यपुस्तक, बृहस्पति पुस्तक प्रकाशन, चाबहिल, काठमाडौं, नेपाल, संस्करण, २०६५ माघ।
- ग्रामीण विकास नीति तथा रणनीति–त्रिभुवन विश्व विद्यालय ग्रामीण विकास विभाग अन्तर्गत स्नातकोत्तर तह पहिलो वर्षको दोश्रो पत्र ग्रामीण विकास-नीति तथा रणनीति (M.A.RD-512 A) को नयाँ पाठ्यक्रममा पूर्ण रुपमा आधारित पाठ्यपुस्तक प्रकाशक तथा वितरक-दीक्षान्त प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल, दोश्रो संस्करण, २०६६।

Considering studying or working aboard?
Come to **Joy International Language Institute**

for all levels of
English and Spanish Language Classes

including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*

Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)

Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com






Dreaming to
**STUDY ABROAD?**
Get free counseling

Study in:
Finland, Australia, Canada, Germany, Sweden, UK, Denmark, USA, Ireland

9801968887/01-5329484
Simkhada Plaza Putalisadak

IDB Global

LIVE ON

अब सबै Platform मा एकै साथ

Every Monday, Wednesday and Saturday 8:00pm Onwards

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# What is the best city to live in Australia ?

**Darryl Rubiolo**

Even though I live in Sydney, I have travelled and worked extensively all over Australia. Frankly, apart from the centre where it is desert and too hot, you could live comfortably anywhere in this fine country.



It all depends on your budget, personal needs and wants. If you like a quiet lifestyle then our rural towns and villages are for you. Housing is cheaper but job opportunities might be scarce.

If you like cities with physical beauty then Sydney (see pic) and Hobart are exceptional.

If you like the buzz of a big city then go for Melbourne, Brisbane or Sydney. These are also the centres where, depending on your skill set, most job opportunities will appear. Of course, if you are a mining engineer or farming oriented then the rural centres will be more suitable.

If you like quiet cities with little traffic then Perth, Hobart, Cairns, Adelaide and Canberra will suit.

Darwin is more rustic than other Australian cities, and maybe that's your kind of place?

Sydney and Melbourne are the most multi-cultural of our cities, but many rural cities which have universities, such as Ballarat, Armidale and Townsville, are also culturally diverse.

Australia might be isolated but it is safe, has unique animals and interesting topography, generally good weather, great health and transport services, and excellent working conditions. You get these benefits in any area of Australia, so take your pick! (Source : Quaro).

# Are Bengalis and Bangadeshis the Same ?

**Shaunak Bhattacharjeee**

Bengalis are those whose mother tongue is Bengali. Bengalis are not limited to any geographical boundaries but are present all across the globe. On the other hand, Bangladeshis are those who are citizens of Bangladesh.

Most of Bangladeshis are Bengalis but not all Bengalis are Bangladeshis. The major concentration of the Bengali population is found in Bangladesh along with the states of West Bengal and Tripura in India. In India, after Hindi, Bengali is the most spoken regional language.

In short, someone born in Bangladesh is a Bangladeshi and someone who speaks Bengali as their mother tongue is a Bengali. Bengalis in India and Bengalis in Bangladesh have quite a few differences. Although both speak Bengali, the dialects and accents are very different. Bengalis in India are mostly Hindus while Bengalis in Bangladesh are mostly Muslims. But food-wise, both are very similar.

# लगानी कोष र एल.सी.इनर्जीबीच सम्झौता

काठमाडौं/ नागरिक लगानी कोष र एल.सी.इनर्जी लिमिटेडबीच सेयर प्रत्याभूति गर्ने सम्झौता भएको छ। सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र एल.सी.इनर्जीका प्रबन्ध सञ्चालक विश्व श्रेष्ठले हस्ताक्षर गरेका छन् ।



एल.सी.इनर्जीले प्रतिसेयर एक सय रुपियाँका दरले ६ लाख कित्ता बापतको ६ करोड रुपियाँ बराबरको सेयर निष्कासन गर्ने सम्बन्धमा कोषसँग प्रत्याभूति सम्झौता गरेको हो। सम्झौताको अवधि हस्ताक्षर भएको मितिले ६ महिनासम्म रहने कोषले जनाएको छ।

# कांग्रेसलाई चिनाउन सांस्कृतिक अभियान

काठमाडौं/ नेपाल सांस्कृतिक महासंघले नेपाली कांग्रेसलाई सहयोग पुग्ने गरी अभियान चलाएको छ। महासंघले देशभर 'विमलराज क्षेत्री लोकतान्त्रिक सांस्कृतिक जागरण अभियान' चलाएको हो ।



महासंघका अध्यक्ष तीर्थबहादुर थापाले कांग्रेसले गरेका क्रियाकलाप, उपलब्धि, सामाजिक रुपान्तरका महत्वपूर्ण घटनाहरु र भावी योजनाबारे देशभरका जनतासमक्ष पुऱ्याउन अभियान थालिएको जानकारी दिए ।उनले महासंघ कांग्रेसको भ्रातृसंस्था भएका हिसाबले सांस्कृतिक अभियानमार्फत कांग्रेसले गरेका कामबारे जानकारी दिने उद्देश्य लिइएको स्पष्ट पारेका छन् । उनले भने,'नेपालको परिवर्तनमा नेपाली कलाकर्मीको महत्वलाई पनि हामी प्रस्ट्याउने छौं, जनमानसमा रहेको केही भ्रम चिर्न पनि महासंघले यो अभियान शुरु गरेको हो ।' थापाले माघ २४ गते कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा उद्घाटन भई सो अभियानको शुरुआत भएको जानकारी दिए ।

महासंघका महामन्त्री शिवशंकर रिजालले पहिलोचरणमा सातै प्रदेशको हरेक जिल्लामा कार्यक्रम हुने जानकारी दिएका छन् ।'जनतामाझ कांग्रेसलाई अझ नजिकबाट चिनाउन यो अभियानले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ, साथै यो अभियानमार्फत स्थानीय कला र संस्कृतिको प्रवर्द्धन पनि हुनेछ।' रिजालले भने। लोक गायक विमलबहादुर क्षेत्रीको सो अभियानमा नेतृत्वदायी भूमिका हुने महासंघले जनाएको छ।

# 'ललितपुरे दाइ' अब विश्वभरी

ललितपुर/ 'ललितपुरे दाइ'( ललितपुरको चिनारी भाग-२) को भिडिओ लोकार्पण भएको छ।



वरिष्ठ लोकगायक मिठाराम के.सी. र लोकप्रिय गायिका सुनिता थेगिमको युगल श्वरमा रहेको उक्त गीतकोम्युजिक भिडिओको लोकार्पण शनिबार भएको हो।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, ललितपुरले आयोजना गरेको सो लोकार्पण समारोह प्रतिष्ठानका उपाध्यक्ष विदुर घिमिरेको सभापतित्वमा भएको थियो। मदन पुरस्कार विजेता वरिष्ठ साहित्यकार नवराज लम्सालको प्रमुख आतिथ्यतामा समारोह सम्पन्न भएको थियो।

भिडिओ फूलचोकी कलाकर्मी प्रा.लि.नामक युट्युब च्यानलबाट शनिबार नै विश्वव्यापी रुपमा सार्वजनिक भएको बताइएको छ। ललितपुर जिल्लाको सामाजिक, धार्मिक, ऐतिहासिक र प्राकृतिक महिमाको साथै पारम्परिक सीपको बारेमा यो गीतमा वयान गरिएको छ। यो गीतमा मिठाराम के.सी. को शब्दरचना एवं सङ्गीत र बलराम समालको सङ्गीत संयोजन रहेको छ। भिडिओ वरिष्ठ कलाकार/नृत्य निर्देशक कृष्णभक्त महर्जनको निर्देशनमा छायाङ्कन भएको हो ।यसमा कुशल छायाकार/सम्पादक वीरेन्द्र भाट 'विपिन' को सिनेमाटोग्राफी र सम्पादन रहेको छ।

भिडिओमा गायक मिठाराम के.सी. र रिना थापा मगर लगायतका कलाकारहरुले अभिनय गरेका छन्। भिडिओ लोकार्पण समारोहमा सङ्घीय सांसद उदय समशेर राणा, बागमती प्रदेश सांसद रघुनाथ महर्जन, नेकपा (एमाले) का ललितपुर जिल्ला कमिटी अध्यक्ष पुरुषोत्तम आचार्य लगायतको उपस्थिति रहेको थियो। कार्यक्रम साहित्यकार रत्न विरही घिमिरेले सञ्चालन गरेका थिए।

# मेरिगोल्ड स्कुलको २७ औं स्थापना दिवस

भक्तपुर/ यस जिल्लाको सूर्यविनायक नगरपालिकाको बालकोटमा रहेको मेरिगोल्ड इंगलिस बोर्डिङ स्कुलले आफ्नो २७औं स्थापना तथा अभिभावक दिवस भव्य रुपमा मनाएको छ।

बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा मगरलाई विशेष अतिथिको रुपमा आमन्त्रण गरी शनिबार वार्षिकोत्सव भव्य र सभ्य रुपमा मनाइएको हो। कोभिड तथा



अन्य कारणले पाँच वर्षमा मात्र यो स्थापना दिवस मनाइएको जानकारी स्कुलका अध्यक्ष उद्धव सिलवालले दिए। उनले भने, 'हरेक वर्ष हामीले स्थापना दिवस फागुन महिनामा मनाउने गरेका थियौं। विभिन्न कारणले चार वर्ष यो रोकिन गयो। पाँचौं वर्षमा यो फेरि मनाएका छौं। कुनै व्यवधान नआए हरेक वर्ष यसैगरी मनाउने छौं।'

सो अवसरमा २०७५ सालदेखिका एसइइ ब्याचमा विद्यार्थीहरुको पुरस्कार तथा ट्रफि वितरण गरिएको थियो। विभिन्न कक्षा तथा प्रतियोगितामा भाग लिई सफल भएका विद्यार्थीहरुलाई विभिन्न किसिमका पुरस्कारहरु वितरण गरिएको थियो। यसैगरी दिनैभरी चलेको कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम, नाटक मञ्चन तथा अन्य खाले कार्यक्रमहरु गरी मनोरञ्जन प्रदान पनि गरिएको थियो।

कार्यक्रममा स्कुलका प्राचार्य भुवन लालश्रेष्ठ, संस्थापक निर्देशक राजु खड्का लगायत विद्यालयका शिक्षक शिक्षिकाहरुको सक्रिय सहभागिता थियो।

# मह जोडीको यस्तो प्रष्टीकरण

काठमाडौं। कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले अमेरिकी विकास सहायता (युएसएआइडी) को रकम धर्म प्रचारमा प्रयोग नगरेको प्रष्टीकरण दिएका छन्। आफूहरुमाथि सामाजिक सञ्जालमा लागेको आरोपबारे बिहीबार एक भिडियो सन्देशमार्फत त्यसको खण्डन गर्दै महजोडीले अनर्गल प्रचार गरिएकोप्रति आपत्ति जनाएका छन्।

'हिजोआज सामाजिक सञ्जालमा महजोडीले युएसएआइडीको पैसा लिएर धर्मविरोधी काम र प्रचार गऱ्यो भनेर अनर्गल प्रचार गरिएको छ। हामीलाई आफ्नो हितैशीहरूबाट नै यस्तो आरोप सुन्नुपर्दा अत्यन्तै चित्त दुखेको छ,' मदनकृष्णले भने, 'हामीले राम्रो राम्रो मात्र छानेर काम गर्दै आइरहेका छौं। जस्तो कि कुष्ठरोग सम्बन्धी, क्षयरोग खोपसम्बन्धी जनचेतना यी अधर्म कुरा हैनन्। यहाँहरूले हाम्रो टेलिफिल्म हेरेर जाँच्नु भए हुन्छ।'

हरिवंश आचार्यले युएसएआइडी र नेपाल सरकारसँगको सहकार्यमा सचेतना फैलाउने-मदनबहादुर-हरिबहादुर' 'आमा', 'असल लोग्ने' जस्ता टेलिफिल्महरूबाट कुनै धर्मविरोधी प्रचार नगरेको प्रस्ट्याए। 'यो हामीले युट्युबमा किताबजस्तै छर्लंगै हुने गरी राखेका छौं। त्यहाँ कहीँ पनि सनातन हिन्दू धर्म, बुद्ध धर्म र कुनै पनि धर्मको विरोध गरेका छैनौं। अर्को धर्म लिनुपर्छ भनेर उकासेका पनि छैनौं,' उनले भने।

हरिवंशले ०५२ मा 'पन्चायत व्यवस्थाको सराद्धे' कार्यक्रम गर्दा त्यसमा पण्डित पात्रको प्रवृत्तिमाथि व्यंग्य गरेको कुरालाई लिएर पनि भ्रम सिर्जना गरिएको बताए। 'पण्डित भन्दैमा भगवान हुँदैन। व्यंग्य पण्डितलाई पनि गर्न पाइन्छ। नेतालाई पनि गर्न पाइन्छ। प्रहरी, डाक्टर, वकिल, सबैलाई गर्न पाइन्छ। त्यसको टुक्रा राखेर सनातन धर्मको विरोध गऱ्यो भन्नु कपोकल्पित कुरा हो,' उनले भने, 'हामी हाम्रो काममा निरन्तर लागिरहन्छौं। पछाडि यस्ता किसिमका कुरा आएर हामी हतोत्साहित हुँदैनौं,' उनले भने।


विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे हामीलाई सम्झिनु होस्

स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :

- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला



आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं।
हामी तपाईहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाइँहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं।

सम्पर्क नं.९८१८६७००८८
क्रियटिभ सेन्टर नेपाल प्रा.लि.
काठमाडौं–११



निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्। विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरूका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरू तान्ने कार्यहरूमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरूको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

## कांग्रेस...

महाधिवेशनमा छनौट भएर आउने महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यहरुले नेतृत्वको विकल्प छान्दा युवापुस्ता रोजे थापा र अन्यथा कोइराला बीच नै प्रतिस्पर्धा हुने अनुमान गरेका छन् ।

वरिष्ठ नेता कोइराला र थापाको तुलनामा उपसभापति खड्का लोकप्रीय नरहेको चर्चा छ । यिनै तीनजनामध्येबाट काँग्रेसको सभापति चयन हुने र सभापति देउवाले पनि यिनैमध्ये एकजनालाई आशीर्वाद दिनसक्ने बहस र चर्चा चलेको छ ।

## स्वास्थ्य ...

यसमध्ये डा. मिश्रलाई स्वास्थ्य सेवा विभागको महानिर्देशक हुँदा औषधि र उपकरण लगायत विभिन्न खरिदमा आर्थिक चलखेल र अनियमितता गरेको आरोपमा स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सरुवा गरी मन्त्रालयमा तानेर डा. देवकोटालाई विभागको जिम्मेवारी सुम्पिएका थिए । नेतृत्व र प्रशासनिक क्षमतामा डा. मिश्र र डा. बाराकोटी कमजोर रहेकोले उनीहरुको सचिव बन्ने सम्भावना कम रहेको समाचार श्रोतले बताएको छ ।

डा. मिश्र काँग्रेस नेतृ एवं परराष्ट्रमन्त्री डा. आरजु राणा र डा. बाराकोटी झापा घर भएका कारण प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली निकटका नेताहरुकोमा धाउन शुरु गरेको श्रोतहरुले बताएको छ । यता, स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले स्वास्थ्य सेवा विभागको महानिर्देशक बनाएपछि विभिन्न सुधारका कामहरु गरेका डा. देवकोटा सचिव बन्ने दौडमा अगाडि रहेको जानकारहरुले बताएका छन् ।

डा. देवकोटा विभागको महानिर्देशक बनेपछि विभागमा हुने गरेका आर्थिक चलखेल र भद्रगोल व्यवस्थापनले काँचुली फेरेको बताइएएको छ । स्वास्थ्य सेवा विभागको आपूर्ति शाखा भ्रष्टाचार र आर्थिक चलखेलका हिसाबमा अग्र पंक्तिमा रहेको श्रोतले बताएको छ । हाल उक्त शाखामा नेतृत्व फेरिएको श्रोतले बताएको छ ।

## देशको ...

यसअघि पनि अर्थमन्त्री पौडेलकै चाहनामा अर्थसचिव, भन्सार विभागको महानिर्देशक र आन्तरिक राजश्व विभागको महानिर्देशक हालै सरुवा गरिएका थिए ।मन्त्री पौडेलले अर्थसचिवमा घिमिरे, भन्सार विभाग र आन्तरिक राजश्व विभागको महानिर्देशकमा रोजेर सहसचिवहरु लगेका थिए । अर्थतन्त्रमा कुनै सुधार हुन नसकेपछि उनीहरुको सरुवा भएको समाचार श्रोतले बताएको छ ।

अर्थमन्त्री पौडेलको मन्त्रिस्तरीय निर्णयले भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनीको ठाउँमा महेश भट्टराई र आन्तरिक राजश्व विभागका महानिर्देशक रामप्रसाद आचार्यको ठाउँमा मदन दाहाललाई जिम्मेवारी दिइएको छ ।

यसैगरी मन्त्रालयको प्रशासन महाशाखामा थान प्रसाद पंगेनी र सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रको तालिम प्रमुख शोभाकान्त पौडेललाई आर्थिक नीति विश्लेषण महाशाखामा सरुवा गरिएको छ । देशको अर्थतन्त्रले क्रमशः सुधारको गति लिई लयमा फर्कन थालेको बताइए पनि अर्थमन्त्री पौडेलले राजश्व नउठेपछि गत वर्ष आफैंले ल्याएको बजेट घटाउन बाध्य भएका छन् । राजश्व संकलन गर्न र देशको ढुकुटी भर्न ल्याएका अर्थसचिव उपाध्याय, भन्सार विभागका महानिर्देशक भट्टराई र आन्तरिक राजश्व विभागका महानिर्देशक दाहाललाई असफल हुने छुट नभएको बताइन्छ ।

यो नयाँ समूहले उद्योगी र व्यापारीहरुलाई खुशी बनाई राजश्व असुल उपर गर्नुपर्ने, भन्सार नाकाहरुबाट हुने चोरी तस्करीप्रति निर्मम बनी कार्य एवं जिम्मेवारी पूरा गर्ने आशा तथा विश्वास गरिएको छ । यो समूहले हाल बैंकमा थुप्रिएको पैसालाई बजारमा ल्याई चलाएमान गराउन सके अर्थतन्त्र सुधार हुने तथा अर्थमन्त्रीको भरोसा पूरा हुने जानकारहरुले बताएका छन् । यसो नभएमा जुनै जोगी आए पनि कानै चिरेको भन्ने उखान चरितार्थ नहोला भन्न सकिन्न । अर्थतन्त्र सही मार्गमा ल्याउन यो समूहले कडा मेहनत गर्नुपर्ने चर्चा छ ।

## थोत्रा ...

गाडीलाई भन्सार र भ्याट छुट दिएका थिए । निजी प्लेटको गाडीले सार्वजनिक यातायातजसरी ६-६ महिनामा रोडपर्मिट, जाँचपास, प्रदूषण चेकजाँच गरेर राज्यलाई राजश्व तिर्नु पर्दैन । यस्ता गाडी घरेलु र कम्पनीमा गई पञ्जीकरण पनि गर्नु पर्दैन ।

यी गाडीबाट राज्यले एक सुको कर पाउँदैन जबकि विद्यार्थीका अभिभावकहरुले भने विद्यालयहरुलाई मासिक यति धेरै रकम बुझाउनु पर्छ । त्यसो त अभिभावकहरुले अहिले तिरिरहेको बस भाडा पनि सरकारले तोकेको होइन । यो विद्यालयहरुले आफूखुशी तोकेका हुन् । आयल निगमले पेट्रोल, डिजेलको मूल्य थपघट गर्दा यातायात व्यवस्था विभाग वा यातायात मन्त्रालयले भाडाका गाडीको भाडा निर्धारण गर्दछ ।

विद्यार्थी बोक्ने गाडीको भाडा न यातायात व्यवस्था विभागले निर्धारण गर्छ न शिक्षा मन्त्रालयले नै । योसँगै हरियो प्लेटमा दर्ता भएका पर्यटक बोक्ने गाडीहरुले पनि विदेशीसँगै राज्यलाई पनि ठगिरहेको छ । यी गाडीलाई सरकारले भन्सार र भ्याट छुट दिएको हुन्छ तैपनि यी गाडीहरुले विदेशीहरुसँग तोकिएभन्दा चर्को भाडा असुल्ने गरेका छन् । पर्यटक बोक्ने एउटै गाडीले मासिक पाँच लाखदेखि पन्ध्र लाख रुपियाँसम्म कमाउने गरेको छ ।

एउटा गाडीमा २० लाखदेखि ८० लाख रुपियाँसम्म लगानी गरिएको हुन्छ । यसले पनि राज्यलाई एक सुको राजस्व तिर्दैन । रोडपर्मिट, जाँचपास, प्रदूषण चेकजाँच केही गरिँदैन । यी गाडीले आन्तरिक र बाह्य पर्यटकहरुसँग आफूखुशी भाडा लिने गरेका छन् जसका कारण पर्यटकहरु मारमा परेका छन् । पर्यटक विभाग र यातायात व्यवस्था विभाग यो गाडीको भाडा निर्धारण गर्दैन । पर्यटक ठगिएको सरकार टुलुटुलु हेरेर बसिरहेको छ ।

त्यसो त हरियो प्लेटको पर्यटक बोक्ने यी गाडीको नयाँ दर्ता दशकौंदेखि खुलेको छैन । अहिले पर्यटक बोक्ने गाडी पनि थोत्रा, पुराना भइसकेका छन् । यसले मुलुकको साखमाथि समेत असर गर्न सक्छ । विडम्बना, तालुक निकायहरुले यसबारे कुनै चिन्ता छैन । सरकार हरियो प्लेटको पर्यटक बोक्ने गाडीको नयाँ दर्ता खोल्दैन । अनि पर्यटकहरु चर्को गाडी असुलेर थोत्रा, पुराना गाडी चढ्न बाध्य भइरहेका छन् ।

निजी प्लेटका सवारीसाधनको नाममा जनता ठग्ने र राज्यलाई राजश्व छल्ने काम भइरहेको छ यद्यपि सरकारको यसतर्फ ध्यान गएको छैन । अहिले निजी प्लेटका गाडीहरुले सामान ढुवानी गरिरहेको देखिन्छ । यसको उदाहरण कालीमाटी तरकारी तथा फलफूल बजार हो । यहाँ ३५ वर्षदेखि भाडाका ढुवानी गाडीको नयाँ दर्ता बन्द छ । जसका कारण निजी प्लेटका गाडीको ठगीधन्दा मौलाएको छ । अहिले कालीमाटीमा तरकारी र फलफूल बोक्ने सबै गाडी निजी प्लेटका छन् । चर्को भाडा असुलेर निजी प्लेटका गाडीले सामान ढुवानी गरिरहेका छन् । यो गाडीले आम्दानीबापतको राजश्व सरकारलाई तिर्दैन । सरकार केही गरिरहेको छैन ।

यता, बाटोमा निजी प्लेटका गाडीहरुले यात्रु पनि त्यत्तिकै बोकिरहेको भेटिन्छ । निजी प्लेटमा दर्ता भएका कार, मोटरसाइकल, स्कुटरहरुले महँगो भाडा असुलेर यात्रु बोकिरहेका छन् । एक किलोमिटरमै कारले एक हजारदेखि दुई हजार रुपियाँसम्म असुल्ने गरेको छ । भाडाका गाडीको संख्या सीमित हुँदा यात्रुहरु यतिधेरै भाडा तिरेर भएपनि निजी प्लेटका सवारीसाधनमा यात्रा गर्न बाध्य भइरहेका छन् किनकि हतार वा बिरामी हुँदा कहिल्यै सार्वजनिक भाडा पाइँदैन ।

केही गरी पाइहाले पनि खुट्टा टेक्ने ठाउँ हुँदैन भने यातायात व्यवसायीहरु आफ्नो फाइदाका निम्ति घण्टौंसम्म भाडा रोक्छन् । २० मिनेटमा पुग्ने ठाउँमा सार्वजनिक यातायातमा डेढ-दुई घण्टासम्म लाग्ने गर्छ । यसैले, आम नागरिक आपतविपत्त पर्दा चर्को भाडा तिरेर निजी प्लेटका गाडीमा यात्रा गर्न बाध्य छन् ।

पछिल्लो समय निजी प्लेटका गाडीहरु दुर्घटना हुने क्रम बढ्दो छ । यात्रु बोकेको मोटरसाइकल, स्कुटर, कारदेखि विद्यार्थी बोक्ने गाडीहरु दुर्घटनामा परिरहेका छन् । यसका कारण मानिसहरुले अकालै ज्यान गुमाउनु परिरहेको छ । अभिभाभकहरुले आफ्ना बालबच्चा पढाउन विद्यालय पठाउँछन् । स्कुल, कलेजहरुले कमिशन खानका लागि पिकनिक वा घुमफिर गर्न लैजान्छन्, त्यो पनि थोत्रा, पुराना गाडीमा । अनि त्यो गाडीमा चढेर निर्दोष बालबालिकाहरुले आफ्नो ज्यान गुमाउनु परिरहेको छ ।

बाटोमा निजी प्लेटका होस् या भाडाका २३ वर्षदेखि ३१ वर्ष पुगेका गाडीहरु धुँवाको मुस्लो फ्यालेर गुडिरहेका छन् । अनुगमन गर्ने ट्राफिक प्रहरीहरु घाम तापेर बसिरहेका हुन्छन् । ट्राफिक प्रहरीले आफ्नो जिम्मेवारी ननिभाउँदा सर्वसाधारण जनता र कलिला बालबालिकाहरुले अकालै ज्यान गुमाउनु परेको छ । अब सरकारले ट्राफिक प्रहरीमाथि कडाइ गर्नुपर्‍यो । काम गर्न नसक्ने प्रहरीहरुलाई हटाउनुपर्‍यो ।

## सडक ...

पाल्पा, पोखरा, हेटौंडा लगायतका सडक डिभिजनहरुका प्रमुख र प्रतिनिधि मिनभवनमा धाइरहेको समाचार श्रोतले बताएको छ । सडक बोर्डमा हुने निकासा छिटो छरितो तरिकाबाट गराउनुको सट्टा कार्यकारी निर्देशक केसीले तोक लगाएपछि कर्मचारीहरुले फाईल घुमाएर दुःख दिने गरेका छन् । कार्यकारी निर्देशकले तोक लगाएको पत्र दर्ता भै सकेपछि लेखा शाखामा पुग्न महिनौ लाग्ने गरेको जानकारहरुले बताएका छन् । खासगरी लेखाप्रमुख टेकराज अर्याल र अन्य शाखाहरुले पनि सताउने गरेको र फाईल वा बिल आएको छैन भनी विभिन्न बहानामा अड्काउने चेक बनेपनि बनेको छैन भनेर कार्यकारीको टाउकोमा दोष थुपार्ने प्रवृत्तिले सडक बोर्डमा दादागिरी चल्ने गरेको र त्यस्ता कर्मचारीहरुलाइ कायकारीले संरक्षण गरेको आरोप लागेको छ ।

यता तोक लगाएपछि आफ्नो कर्तव्य पूरा भएको ठान्ने गरेका केसीलाई नै कर्मचारीहरुले नै नटेर्ने बताइएको छ । कार्यकारी निर्देशक केसी दल बदल्न र मोज मस्तीमा रमाउने गरेको जानकारहरुले बताएका छन् । शक्तिको पछाडि दौड्ने केसी खुला प्रतिस्पर्धाबाट बोर्डको कार्यकारी बनेका हुन् । केसीलाई कर्मचारीहरुको व्यवस्थापन गर्न र कार्यक्षमता देखाउन नसकेको जस्ता आरोप पनि लगाइएको छ ।

## गुटबन्दीको ...

भएको देखाउन खोजिरहेका छन् । उनले आफ्नो विरुद्धमा कोही बोलेमा पार्टीमा नटिक्ने भन्ने सन्देश पटक पटक दिइरहेका छन् । एमालेमा विद्रोह गरी फुटेर बनेको नेकपा (एकीकृत समाजवादी) मा समाहित भएकाहरुलाई आफ्ना विरोधीको रुपमा बुझ्ने गरेका थिए । कुचोले बढार्नुपर्ने कसिंगर हावाले उडाई दिएको भन्ने सोचमा ओली रमाएका छन् ।

त्यसो त एकीकृत समाजवादीमा नगएका नेताहरुलाई समेत उनले कँज्याएर राख्ने कार्य गर्दै आएका छन् । भीमबहादुर रावलदेखि आफ्नो विरुद्धमा बोल्ने जो कोहीलाई कारबाहीको डण्डा चलाएर भए पनि तह लगाउने पक्षमा ओली लागिपरेका छन् ।

ओलीले यसरी आफ्नो दलमा एकलौटी हैसियत छ भन्ने देखाउन चाहे पनि व्यवहारमा भने त्यसो छैन । एमाले भित्र पनि विभिन्न गुट तथा उपगुट सक्रिय छन् । खासगरी नेकपा (माओवादी केन्द्र) सँग एकता गरी घोषणा गरिएको नेपाल कम्युनिष्ट पार्टीमा ओलीको विरोधमा लागेकाहरु अहिले पनि गुटगत अवस्थामै छन् । खासगरी एकीकृत समाजवादीमा अन्तिममा नगएका १० जनाहरु अहिले पनि आफ्नो गुटमै छन् ।

यसैगरी बिगतमा माओवादी केन्द्रको पृष्ठभूमि रहेका नेताहरुको अर्को गुट छ । ओलीका दाहिने र देब्रे हात मानिएका विष्णुप्रसाद पौडेल र शंकर पोखरेलले समेत उपगुट चलाएका छन् । लुम्विनी प्रदेशमा उनीहरुको लडाँइ छ । यस्तै, विभिन्न जिल्लामा समेत विभिन्न स्थानीय गुटहरु सक्रिय छन् । विगतमा ओलीका भित्रिया मानिएका गोकुलप्रसाद बास्कोटा तथा महेश बस्नेत समेत आफ्नो जिल्लामा आफ्नै गुट क्रियाशील गराउन लागिपरेका छन् ।

अझ रमाइलो त ओलीले आफ्ना विरुद्धमा बोल्नेहरुको मुखबन्द गर्ने कार्यलाई निरन्तरता दिएपछि त्यसरी कारबाहीमा पर्नेहरुको छुट्टै गुट बन्दै गएको देखिन्छ ।

उता, माओवादी केन्द्रमा पनि अध्यक्ष पुष्पकमल दाहालको मात्र हैकम चल्न छोडेको अवस्था छ । माओवादी केन्द्रमा आफू सर्वेसर्वा रहेको भन्ने सन्देश दाहालले पनि दिन चाहिरहेका हुन् । यस्तो अवस्थामा उनलाई वर्षमान पुन, जनार्दन शर्मा, नारायणकाजी श्रेष्ठलगायतले चुनौती दिन थालेका छन् । उनीहरुले आ-आफ्नो गुट बनाएर शक्तिप्रदर्शनी गर्न थालेका छन् । हालै भएको विद्यार्थी संगठनको निर्वाचनमा सबैले आफ्नो गुट बनाएर उम्मेदवारी दिन मात्र लगाएनन् कि दाहाललाई चुनौती दिँदै नेतृत्वमा समेत पुगेका छन् ।

यसैगरी गुटगत समस्यामा नयाँ भनिएको दल राष्ट्रिय स्वतन्त्र पार्टी पनि परेको छ । विभिन्न काण्डहरुमा उक्त पार्टीका सभापति रवि लामिछाने मुछिएको अवस्थामा गुटगत समस्या झनै झांगिएको हो । उनी हिरासतमा रहेको अवस्थामा कार्यवाहक सभापति कसलाई दिने भन्ने कुरामा विवाद भएको थियो । डोलप्रसाद अर्याल र स्वर्णिम वाग्लेले गुट चलाइरहेको बताइन्छ ।

यो रोगबाट नेकपा (एकीकृत समाजवादी) पनि मुक्त छैन । सानो दल भए पनि पदका कारण यो दलमा गुटगत समस्या देखिने गरेका छन् । सो दलका अध्यक्ष माधवकुमार नेपालले आफ्नै विद्यार्थी संगठनका नेताहरुमाथि गुटगत कारणले कारबाही गरेको भनिन्छ । यसैगरी हालै सम्पन्न महाधिवेशनमा पनि विभिन्न गुटहरु क्रियाशील देखिएका थिए ।

उता, तराई केन्द्रित तथा पहिचानवादी भनिएका दलहरुमा नेतैपिच्छेका दलहरु छन् । केही नेताहरु मिलेर दल नै बनाए पनि उनीहरुमा गुटगत समस्या झनै बढी रहेको अवस्था छ ।

यसरी दलहरुमा गुटगत समस्या हुँदा वास्तविक रुपमा नेतृत्वमा आउनुपर्ने मानिसहरु पछि पर्नुपर्ने स्थिति छ । यसैगरी गुटगत आधारमै क्षमताविहीनहरु नेतृत्वमा पुग्ने खतरा उत्तिकै रहन्छ । यस्तै, एउटै दल भए पनि गुटकै आधारमा राम्रालाई नराम्रामा परिणत गर्ने कार्य हुँदै आएका छन् । यस्तै, सांगठानिक हिसाबले हेर्दा गुटकै कारण चुनावमा घात अन्तर्घात हुने गरेको पाइन्छ ।

गुटगत समस्या दल र दलीय विकासका लागि हानिकारक कुरा हो । यो कुरालाई सबै दलबाट निमिट्यान्न पारिनुपर्छ ।

## नेता ...

थियो । अचानक स्वास्थ्यमा समस्या आएपछि सापकोटालाई बुधबार हेल्पिङ हायन्डस् अस्पतालमा भर्ना गरिंदा बिहीबार बिहान ३ : ५० बजे चिकित्सकले उनको मृत्यु भएको घोषणा गरेका परिवारजनले जानकारी दिए ।

तत्कालीन पञ्चायतविरुद्धको संघर्ष, मालेकालमा भूमिगत, विद्यार्थी राजनीतिमार्फत २०४६ सालको प्रथम जनआन्दोलनमा महत्वपूर्ण भूमिका सापकोटाले खेलेका थिए । उनी लामो समय नेकपा (एमाले) को काभ्रेपलाञ्चोकको सचिवको जिम्मेवारीमा थिए ।

उनी २०७० को संविधानसभा निर्वाचनमा काभ्रेपलाञ्चोकको तात्कालीन क्षेत्रनम्बर ४ बाट विजयी भएका थिए ।

## साताको राशिफल

**मेष** : भौतिक सम्पत्ति तथा सवारी साधन प्राप्तीको योग यो साता रहेकोछ । धार्मिक वा सामाजिक क्षेत्रमा राम्रा कम गर्न सकिने हुनाले मान सम्मान पाइनेछ । आमा वा परिवारमा सदस्यको सहयोगले गन्तव्य पहिल्याउन सहज हुनेछ । अध्ययनमा मन जाने तथा अध्ययनकै सवालमा लामो दुरीको यात्रा गर्न सकिनेछ । नयाँ काम पाउने वा नोकरीमा सुगम स्थानमा स्थानान्तरण हुने ग्रहयोग रहेकोछ । खर्च बढ्ने तथा जग्गा सम्बन्धि काममा मन्दी आउनेछ ।

**बृष** : समयमा होश नपुग्नाले खर्च मात्र हुनेछ। प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्। मेहनत गर्दा गर्दै उपलब्धि प्राप्त गर्न मुस्किलै पर्ने समय छ। शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्नाले पनि दुःख पाइनेछ। आफ्नै कमजोरीले काममा बाधा हुने सम्भावना देखिन्छ। आफन्त तथा दाजुभाइबाट सहयोग पाइने छैन भने विवाद बढ्ने योग रहेकोछ । छोटो दुरीको धार्मिक यात्राको योग रहेकोछ ।

**मिथुन** : माया प्रेमको गाँठो कसिलो हुनेछ । जीवनसाथीको सहयोगले उत्पादनमुलक काम गर्न सकिनेछ । पारिवारिक सभा, समारोहका सहभागी भई मीठो मसिनो भोजन ग्रहण गर्ने अवसर प्राप्त हुनेछ । कलाकारिता तथा चलचित्र क्षेत्रमा समय लगानी गर्नेहरुको नाम तथा दाम दुबै कमाउने ग्रहयोग रहेकोछ । असजिलो परिस्थितिलाई बुद्धिमतापूर्वक सहजतामा ढाल्न सकिनेछ । धार्मिक यात्राको प्रशस्त सम्भावना रहेकोछ ।

**कर्कट** : समयमा कामहरु सम्पन्न हुने तथा अरुको काम गरी नाम तथा दाम दुवै कमाउन सकिनेछ । अध्ययन तथा अध्यापनको क्षेत्रमा थोरै समय लगानी गर्दा पनि सकारात्मक नतिजा हात लागी हुने योग रहेकोछ । माया प्रेममा आफ्नो मान्छेलाई आफ्नै वरिपरि देख्न पाउदा मन प्रशन्न हुनेछ । व्यापार, उद्योग तथा शेयरबाट प्रशस्त नाफा कमाउन सकिनेछ भने लगानी गर्ने वातावरण बनाउन सकिनेछ । छोटो दुरीको धार्मिक यात्राको योग रहेकोछ ।

**सिंह** : व्यापार, शेयरबजार तथा उत्पादनमूखि क्षेत्रमा लगानी गरी आम्दानी सुनिश्चित गर्न सकिनेछ । आर्थिक सहजताले रोकिएका कामहरु तीब्र गतिमा सञ्चालन हुनेछन् । स्रोत साधनको प्रयोग गरी अग्रगामी छलाङ मार्न सकिनेछ । बैक तथा वित्तीय पेशासँग सम्बन्धित कामहरुबाट आम्दानी बढाउन सकिनेछ । माया प्रेममा नजिक हुने समय रहेकोछ भने जीवनसाथीसँग थप आत्मिय भाव बढ्नेछ । धार्मिक क्षेत्र तथा मन्दिरतिरको भ्रमण गर्न सकिनेछ ।

**कन्या** : विदेश यात्राको गतिलो सम्भावना रहेकोछ । विदेशी सामानको व्यापार फस्टाएर जानेछ । स्वदेशमा उत्पादित सामानको व्यापार व्यवसायमा अरुदिनभन्दा अलिक बढी समय खर्चिनु पर्नेछ । क्षमता प्रदशन गरेर नाम तथा दाम दुबै कमाउन सकिनेछ । अध्ययनमा सुधार भएर जानेछ भने अरुलाई पछाडि छोडेर अग्रपंतिमा आउन सकिनेछ । सुख दुःखमा साथ दिनेहरु प्रशस्त भेटिनेछन् । धार्मिक यात्रा हुने तथा धार्मिक क्षेत्रमा खर्च बढ्नेछ ।

**तुला** : जानकारीको अभावले कामहरु बिग्रनेछ भने आलोचनाको शिकार होइनेछ । आर्थिक पक्ष कमजोर रहने तथा यही बेलामा व्यापार व्यवसायमा मन्दी आउनेछ । आम्दानीभन्दा खर्च अधीक हुने हुनाले रुपियाँ पैसाको व्यवस्थापन गर्न गाह्रो पर्नेछ । पढ्ने लेख्ने काममा खासै मन नजाँदा अरुभन्दा पछि परिनेछ । राजनीति तथा समाजसेवामा जनताको काम गर्न नसक्दा मान सम्मान पाउने योग टरेर जानेछ । धार्मिक यात्राको प्रशस्त सम्भावना छ ।

**बृश्चिक** : कुनै काम शुरु गर्नुभन्दा पनि पुरानै कामहरुलाई निरन्तरता दिनुहोला । चाहँदा चाहँदै पनि घरायसी सुख सुविधाहरु प्रयोग गर्न नपाउँदा मन खिन्न हुनेछ । काम बिग्रने हुँदा राजकीय सम्मान पाउने योग टरेर जाने तथा राजनीतिमा प्रतिस्पर्धीहरु हावी हुने भएकाले यो साता प्रतिस्पर्धीहरुबाट सतर्क भएर मात्र कार्य गर्नु होला । छातिमा देखिने समस्याका कारण काम गर्न नसकेजस्तो हुनेछ । घर परिवार तथा साथीहरुबाट टाडिएर परदेशको यात्रा गर्नुपर्ने खालको योग छ ।

**धनु** : कुटुम्ब तथा आफन्तसँगको आर्थिक कारोबार मिलाउदै नयाँ कामको थालनी गर्न सकिनेछ । अध्ययनमा ध्यान जानेछ भने कार्यक्षेत्रमा राम्रा काम गर्न सकिनेछ । पुराना समस्याहरु हल भएर जानेछन् । अध्ययन तथा कामको लागि यात्राको योग रहेकोछ । आफन्त तथा दिदीबहिनीबाट तपाईंको कामका सहयोग पाइनेछ । उपहार प्राप्तिको योगलाई नकार्न सकिदैन । छोटो दुरीको धार्मिक यात्राको योग रहेकोछ ।

**मकर** : एकल तथा साझेदारी व्यवसायमा लगानी नगर्नु नै राम्रो रहेकोछ । लगानी गर्दा साझेदारबीच मतभेद बढ्नेछ । पढाइ लेखाइमा मन नजाने हुनाले अरुभन्दा पछि परिनेछ । भौतिक सम्पत्ति तथा विलाशी बस्तुहरुको प्रयोग गर्दा ख्याल गर्नुहोला नराम्रा घट्ना घट्न सक्छ । माया प्रेममा नजिक हुँदा विवाद हुने तथा दाम्पत्य जीवनमा चिसो पनको विकास हुनेछ ।

**कुम्भ** : राजनीतिक तथा सामाजिक प्रभाव कमजोर रहने हुनाले तपाईको प्रतिस्पर्धीको रुपमा अरुनै देखा पर्नेछन् । खानपानमा ध्यान नदिँदा स्वास्थ्यमा समस्या आउनेछ । आउनु पर्ने रुपियाँ पैसा नआउने तथा आफन्तलाई दिएको धनले शत्रुता बढाउनेछ । धन सम्पत्ति हराउने तथा चोरी हुने हुनाले यात्रा गर्दा ख्याल गर्नुहोला । प्रेममा अविश्वास बढ्ने योग रहेकोछ भने मामा तथा आफन्तसँग विवाद बढ्नेछ ।

**मीन** :व्यापार व्यवसाय फस्टाएर जानेछ भने शिक्षा क्षेत्रमा गरिएको लगानीबाट मनग्गे लाभ हुनेछ । सन्तानको प्रगति देखेर मन रमाउनेछ भने वंशबृद्धिको गतिलो सम्भावना छ । पढाइ लेखाइ अन्य दिनभन्दा सुधार हुने हुनाले आफन्तहरु खुशी हुनेछन् । आकस्मिक धन तथा सम्पत्ति लाभ हुने योग रहेको छ । आफूले मन पराएको मानिसबाट उपहार प्राप्त हुने हुनाले मन प्रशन्न रहनेछ । नयाँ योजनाहरु बनाई कार्यान्वयनको चरणमा लैजान सकिनेछ भने सोचेजस्तो आम्दानी गर्न सकिनेछ ।

## बि स्टारको शाखा संचालनमा

काठमाडौँ / विक्रम गौतमले सञ्चालन गरेको 'बि स्टार यूनिसेक्स एकेडेमी तथा सलुन'को दोस्रो शाखाको सक्किगोनीका चर्चित कलाकार सागर लम्साल 'बले' र पुरुषोत्तम आचार्य 'प्रहरी इन्स्पेक्टर'ले हालै उद्घाटन गरेका छन् ।



बनस्थलीस्थित चमती चोकमा रहेको बि स्टारको शाखा संचालनमा आएको हो । लामो समयदेखि टेलिफिल्म, म्युजिक भिडियो तथा फिल्ममा मेकअप आर्टिष्टको रुपमा काम गर्दै आइरहेका मेकअप आर्टिष्ट विक्रम गौतमले यसअघि कपनमा बि स्टार सलुनको शुरुवात गरेका थिए ।

विक्रम गौतमले 'सक्किगोनी' सिरियल तथा आगामी फागुन १४ गते रिलिज हुने चलचित्र 'लाज शरणम्' मा मेकअप आर्टिष्टको रुपमा काम गरेका छन् ।

## प्रजातन्त्रका मुलभूत मान्यता

- जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली,
- मौलिक हक र मानव अधिकार,
- आवधिक निर्वाचन,
- बालिग मताधिकार,
- नागरिक स्वतन्त्रता,
- स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
- कानूनी राज्यको अवधारणा,
- पूर्ण प्रेस स्वतन्त्रता,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

KEEN
SMART LIVING
दूर दृष्टि डिजिटल प्रा.लि.

# "आफूसित आफैं दङ्ग" सार्वजनिक

काठमाडौं/ बालबालिकालाई आफ्नो काम आफै गर्न सिकाउने शैक्षिक चेतनामूलक बालगीत "आफूसित आफैं दङ्ग" रामबाबु सुवेदी अफिसियल नामक युटुब च्यानलबाट सार्वजनिक भएको छ।

गीतले बालबालिकालाई समयको सदुपयोग गर्ने प्रेरणा प्रदान गर्दछ। बालसाहित्यकार रामबाबु सुवेदीको शब्दरचना रहेको यस गीतलाई दीपक शर्माले सङ्गीत भरेका छन्। यसमा नरेन्द्र वियोगीको सङ्गीतसंयोजन छ। आर्यभ डङ्गोल, पारिका श्रेष्ठ, ओश्ना क्षत्रीसहित यस बालगीतमा डियरवाक सिफल स्कुलका बालबालिकाले गायन र अभिनयमा आफ्नो कला प्रस्तुत गरेका छन्। प्रस्तुत भिडियोमा समयको महत्त्व बुझ्नुपर्छ, स्वस्थ रहनुपर्छ, फुर्तिलो हुनुपर्छ भन्ने भाव रहेको छ।

एक कार्यक्रमका साथ डियरवाक स्कुलमा उक्त गीतको भिडियो विमोचन गरिएको छ। विमोचन समारोहमा बोल्दै गीतकार रामबाबु सुवेदीले बालबालिकाहरूले गीत हेरेर, सुनेर असल बानीको विकास गरून् भनी यो सिर्जना रचिएको बताए। यस्तै कार्यक्रमका अतिथि साहित्यकार प्राज्ञ अमर न्यौपानेले सकारात्मक संदेश दिने यस बालगीत निकै उपयोगी रहेको बर्ता। यस्तै, उनले यस अडियो र भिडियोमा गायन, अभिनय र नृत्यको सुन्दर संयोजन रहेको पनि उल्लेख गरे।



उक्त कार्यक्रममा डियरवाक सिफल स्कुलका विद्यार्थी र शिक्षकहरूसहित करुण थापा, कार्तिकेय घिमिरे, ललिता दोषी लगायत विभिन्न स्रस्टाहरूको उपस्थिति रहेको थियो। अथितिहरूले बालमनोविज्ञानमा आधारित प्रस्तुत गीतिभिडीयोले हाम्रा बालबालिकाहरूमा सकारात्मक उर्जा प्रदान गर्ने विश्वाश व्यक्त गर्नुभयो। डियरवाक स्कुलका अध्यक्ष हितेष कार्कीले रामबाबु सुवेदीका गीत बालबालिकाका निम्ति उत्प्रेरणादायक हुनेहुनाले डियरवाक सिफल स्कुलले अडियो भिडियो निर्माण संयोजन गरेको बर्ता। यस्तै बालगीत परियोजनाको निरन्तरताको निम्ति शुभकामना पनि दिए।

रामबाबु सुवेदी अफिसियल नामक युटुब च्यानलमा यो समेत गरेर ७४ ओटा भिडियो सार्वजनिक भएका छन्। ती सबै बालगीत सन्देशमूलक, शिक्षामूलक र सिकाइमूलक रहेका छन्। यस भिडियोमा आचार्य गोपालको परिकल्पना र निर्देशन रहेको छ। यस्तै भिडियोमा सुनील भण्डारीको छायांकन, वीरबहादुर थारुको सम्पादन र प्रवीण अधिकारीको अनुवाद रहेको छ। कार्यक्रम संचालन डियरवाक सिफल स्कुलका नेपाली विभाग प्रमुख तेजप्रसाद काफ्लेले गरेका थिए।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
उत्तर-दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय
तमोर कोरिडोर (चतरा-मूलघाट-सुभाङखोला) सडक योजना
धरान, सुनसरी
ई-मेलः tamorcorridor@gmail.com

तमोर कोरिडोर (चतरा-मूलघाट-सुभाङखोला) सडक योजनाअन्तर्गत हाल मुलघाट-सभाङखोला-गणेशचोक सडकको स्तरोन्नतिको कार्य भइरहेको हुँदा सडक प्रयोगकर्ताहरुले सडक सुरक्षाको लागि प्रयोग गरिएको सुरक्षा चिन्ह, संकेत, सुरक्षा बोर्ड हेरी पूर्ण सावधानीका साथ सुरक्षितरुपमा यातायात संचालन गर्न एवं सडकको प्रयोग गर्नु हुन सबैमा अनुरोध गरिन्छ। साथै, सडक निर्माणका कार्यहरुमा आवश्यक सहयोग गरी कार्य अनुकूल वातावरण कायम गर्नु/गराउनु हुन सम्पूर्ण सरोकारवाला एवं सर्वसाधारण नागरिकसमक्ष हार्दिक अनुरोध गर्दछौं।

-योजना प्रमुख

सडक डिभिजन काठमाडौंको अनुरोध

१) सडक हामी सबैको साझा सम्पत्ति हो। यसको संरक्षण एवं सम्बर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो। विभिन्न सडक खण्डमा अनधिकृत रुपबाट सडक सिमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, निर्माण सामाग्रीहरु सडकमै थुपार्ने, सडकमै सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने, स्वीकृति नलिई जथाभावी सडक खने तथा नालीमा ढल मिसाउने एवं फोहोर फाल्ने इत्यादी कार्यका कारण सडक आवागमन तथा वातावरणमा समेत प्रतिकूल असर पर्ने हुनाले उपरोक्त क्रियाकलापहरु नगर्न नगराउनु हुन सम्बन्धित सबैलाई यस सडक डिभिजन हार्दिक अनुरोध।

२) सडक भन्ने वित्तिकै सडक विभागको हो भन्ने आम धारणा रहेको छ, तर त्यसो नभई विभिन्न निकायबाट सडक निर्माण तथा मर्मत कार्य भइरहेको छ। सम्बन्धित निकायले आ-आफ्नो क्षेत्राधिकार भित्र रही आवश्यक समन्वयमा निर्माण तथा स्तरोन्नति गरिदिनु हुन समेत अनुरोध।

३) यस डिभिजनमा मातहतका सडकहरुमा बिजुलीका पोलमा "स.वि." लेखिएको छ। उक्त सडक खण्डहरुमा कुनै किसिमको गुनासो भएमा तुरुन्त सडक डिभिजन काठमाडौंमा सम्पर्क गरी जानकारी गराउन अनुरोध।

४) सडकमा नै खानेपानी, ढल, विद्युत लगायतका संरचनाहरु सम्बन्धित निकायहरुबाट विछ्याउन कार्य भइरहेको छ। ती कामहरुमा भएका गुनासाहरु एकिन गरी तत्तत् निकायमा गुनासो गर्नु हुन र यस कार्यालयलाई पनि जानकारी गराउनु हुन अनुराध।

-डिभिजन प्रमुख

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नसर्ने रोगहरुको पहिचानका लागि एक महिने अभियान
फागुन २०८१

नेपालमा मृत्यु र अपाङ्गताको मुख्य कारणका रूपमा रहेको नसर्ने रोगको बढ्दो जोखिमलाई ध्यानमा राखी यहि फागुन महिनाभर नसर्ने रोगहरूको रोकथाम, प्रारम्भिक पहिचान, र व्यवस्थापनका लागि देशव्यापी अभियान सञ्चालन हुँदैछ।

यदि तपाईंको उमेर ३० वर्षभन्दा माथि छ भने नजिकैको वा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई यी जाँचहरु गराई आफ्नो स्वास्थ्य अवस्था थाहा पाउनुहोस् र स्वास्थ्य प्रतिको आफ्नो जिम्मेवारी पुरा गर्नुहोस्।

मधुमेह जाँच (रगतमा चिनीको मात्रा परीक्षण)
मिर्गौला सम्बन्धी रोगको जाँच
रक्तचाप (ब्लडप्रेसर) मापन
उचाइ र तौलको आधारमा BMI मापन

यो अभियान देशभरका स्थानीय तह अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूमा सञ्चालन हुँदैछ।

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ।




Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**

Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**